पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ अङ्क : ३६ २०७३ वैशाख गते १० शुक्रबार (Apr. 22 , 2016) मूल्य रू. १०/-

## ठग र डनको कब्जामा राजनीति



काठमाडौं । नयाँ शक्ति नेपालका संयोजक डा.बाबुराम भट्टराईले मुलुकको अहिलेको राजनीति ठग र डनहरूको पेवा बनेको टिप्पणी गरेका छन् । डा.भट्टराईले उक्त कुरा सप्तरीबाट सुरू गरेको मधेस जागरण अभियानका क्रममा हालै धनुषाको परवाह बजारमा आयोजित कार्यक्रममा बोल्दै यस्तो टिप्पणी गरेका हुन् ।

अचेल राजनीति ठग र डनहरूको पेवा बनेको उद्घोष गर्दै भने, अब नयाँ शक्ति नेपाल यस्तो राजनीतिक बेथितिलाई अन्त्य गर्ने वैकल्पिक शक्ति बन्नेछ । अहिले नयाँ शक्ति नेपालमा (बाँकी अन्तिम पेजमा)

# ओलीको गोली र बोलीले भड्कायो मधेसीलाई

काठमाडौं । वैशाख ७ गते संघीय गठबन्धनले राजधानीमा बृहद अन्तरक्रिया गरेर 'संविधान मान्दैनौं' भन्ने घोषणा गरिदिए । महन्थ ठाकुरले खुलेर बोल्दै भने- ओलीको गोली र बोली उस्तै हो, मधेसमा चर्को दमन छ, लुकेर हिड्नुपर्ने स्थिति छ । मधेसी, थारूको रगतमा कुल्चेर लेखिएको रक्तपातपूर्ण संविधान विभेदपूर्ण, अन्यायी र पक्षपातपूर्ण छ, त्यसकारण यस्तो संविधान हामीलाई मान्य छैन ।



ठाकुरका अनुसार ३६ पटक वार्तामा बसियो । हामीलाई कुराइयो, घुमाइयो, वार्तालाई निष्कर्षमा पुर्‍याइएन । ओलीको गोलीभन्दा पनि बोली खतरनाक छ । ओलीले फेरि वार्ताको लागि आह्वान गरेका छन् । यो ओलीको हामीलाई गलाउने दाउपेचमात्र हो । ओलीको कुनै विश्वास छैन । विश्वास गर्न सकिन्न । त्यसकारण अब वार्ता होइन, निर्णायक आन्दोलन हुन्छ । हामीलाई बिखण्डनवादी भनेर आरोप नलगाइयोस् । हामीलाई प्रताडित गरेर केही मिल्नेवाला छैन । देशको आधाभन्दा बढी जनता असन्तुष्ट छन्, संविधान लादेर कसरी (बाँकी अन्तिम पेजमा)

## देउवा फर्केपछि राष्ट्रिय सरकार ?

काठमाडौं । प्रधानमन्त्री केपी ओलीको सम्पूर्ण ध्यान कांग्रेसलाई सरकारमा सहभागी गराएर राष्ट्रिय सरकारको नेतृत्व गर्नेतिर रहेको छ । तर, देउवा निकट कांग्रेसी नेताहरू भन्छन्- यस्तो कालाव्यापारीले चलाएको भ्रष्ट सरकारमा पनि कांग्रेस बिटुलिन जान्छ ?

यता एमालेकै वरिष्ठ नेता झलनाथ खनाल र माधवकुमार नेपालले सरकारका कामप्रति असन्तुष्टि जनाएका छन् र सकभर यही सरकारलाई, नभए कुनै अर्को व्यक्तिको नेतृत्वमा राष्ट्रिय सरकार निर्माण गरेर (बाँकी अन्तिम पेजमा)

## देशभक्तलाई गुहारे पूर्वराजाले



काठमाडौं । नयाँवर्षमा हार्दिक शुभकामना व्यक्त गर्दै देशमाथि भइरहेको प्रहारबाट बच्न बचाउन यसपटक पूर्वराजाले देशभक्तहरूलाई गुहार लगाएका छन् । देशभक्तको गुहार लगाउने पूर्वराजा स्वयं सडकमा निस्कने पूर्वसंकेतका रूपमा यसपटकको सन्देशको अर्थ निकालिएको छ । यहीकारणले गर्दा पूर्वराजाको सन्देश राजनीतिक रूपमा अर्थपूर्ण, संशयपूर्ण र त्रासदी बन्न पुगेको छ गणतन्त्रवादीहरूका लागि ।

अब पूर्वराजा निस्कने भए । के गर्लान् यिनले ? जनताले साथ दिए भने कसरी (बाँकी अन्तिम पेजमा)




## सभामुखलाई पनि विदेशकै मोह

अभियान संवाददाता

काठमाडौं । व्यवस्थापिका संसदको नियमावलीमा दलहरूबीच सहमति हुन नसकिरहेका बेला सभामुख ओनसरी घर्ती नेतृत्वको एक टोली विदेश भ्रमणमा गएको छ । घर्ती नेतृत्वको टोलीमा चार राजनीतिक दल कांग्रेस, एमाले, एमाओवादी र राप्रपा नेपालका प्रमुख सचेतकहरू सहित संसद सचिवालयका महासचिव र सचिव रहेका छन् ।

यस अघि नै नियमावली समितिका संयोजक राधेश्याम अधिकारीसहितको चार सांसदको टोली जापानको एकहप्ते भ्रमण सकेर स्वदेश फिर्ता भइसकेको छ । नियमावली समितिका पदाधिकारी नहुँदा



नियमावलीमा छलफल समेत हुन सकेको छैन । नियमावलीमा मुख्य विवाद रहेको (बाँकी अन्तिम पेजमा)

## आयात नभए चिनीको हाहाकार हुने

काठमाडौं । जहिले सुकै जनता मार्न पल्किएका निजी क्षेत्रका चिनी उद्योगहरूले चिनीको मूल्य बढाएका छन् । साल्ट ट्रेडिङसँग चिनीको मौज्दात परिमाण घट्दै गएपछि एकलौटी रूपमा चिनीको मूल्य बढाएका हुन् । नियमित रूपमा भारतबाट सहुलियत मूल्यमा चिनी खरिद गरेर विक्री गर्दै आएको कर्पोरेशनले अहिले चिनी खरिद गर्न सकेको छैन । सरकारले भारतबाट चिनी खरिद गरेर ल्याउन नदिएको हुनाले त्यसको प्रत्यक्ष मार कर्पोरेशनलाई परेपनि सरकार भने मौन रहेको छ । कर्पोरेशनले चिनी खरिद गरेर नेपालभरमै चिनीको बिक्रिवितरण गर्दै आएकोमा केही कालाबजारीहरूको दबाबमा सरकारले (बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# आन्दोलन होइन, वार्ताबाटै समाधान खोजौं

*विनासकारी भूकम्प भएको १२ गते एक वर्ष पुग्छ । भूकम्पले पीडित भएका जनताले अहिलेसम्म पनि पालको भरमा जीवन बिताइरहेका छन् । जनताका प्रतिनिधिहरुले संविधानसभाबाट संविधान निर्माण गरी जारी समेत गरे, तर त्यही संविधानलाई देखाएर भारतले भूकम्पको मारमा परेको नेपालमाथि अघोषित रुपमा नाकाबन्दी गरेर पीडामा पीडा थप्ने काम गर्‍यो । ठीक त्यहीबेला केही मधेसवादी दलहरुले संविधानले मधेसी जनतालाई अधिकार नदिएको भन्दै झण्डै ६ महिनालामो मधेस आन्दोलन गरे । मधेस आन्दोलले गर्दा मुलुकको अर्थतन्त्रमा भूकम्पले भन्दा बढी क्षति पुर्‍याएको सत्य वास्तविकतालाई मधेसवादी दलका नेताहरुले बुझ्न नसक्नु मुलुककै लागि दुर्भाग्यको विषय हो ।*

*केही मधेसवादी दहलरुले उठाएका मुद्दाहरु संविधानको पहिलो संशोधन गरेर पुरा गरिएको छ । जस अनुसार जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुने र राज्यका प्रत्येक निकायमा समावेशी, समानुपातिक सिद्धान्तका आधारमा प्रतिनिधित्व गराइने संवैधानिक ब्यवस्था गरिएकाले अब मधेसवादी दलरुले आन्दोलन गर्नुको कुनै अर्थ रहँदैन । अझै पनि केही समस्याहरु देखिएका छन्, ति सबै समस्याहरुलाई वार्ताका माध्यमबाट समाधान गर्न सकिने सम्भावना हुँदा हुँदै फेरि अर्को आन्दोलनको धम्की दिनु कुनै हालतमा पनि उचित हुन सक्दैन । जनता अहिले पनि पीडित छन् । भूकम्पले गर्दा भएको जनधनको क्षति भुल्न नसकिरहेको अहिलेको अवस्थामा फेरि आन्दोलन भए त्यसको प्रत्यक्ष मार जनतालाई नै पर्ने र पुनर्निर्माण र विकास निर्माणका कार्यहरुमा समेत अवरोध पुग्न सक्ने भएकाले अब सबै राजनीतिक दलहरुले कम्तीमा पनि पाँच वर्षसम्म आन्दोलन नगर्ने प्रतिबद्धता जनाउनु आवश्यक छ । अहिलेको पहिलो आवश्यकता भनेको भूकम्पले पुर्‍याएको क्षतिको पुनर्निर्माण गर्नु हो । सकरारी तथ्यांक अनुसार करिब आठ लाख घरहरु निर्माण गर्नुपर्ने छ । त्यसका लागि आवश्यक साधानस्रोत जुटाउन र जनतालाई सुरक्षित रुपमा आ-आफ्नो घरमा राख्न सक्नु सरकार र राजनीतिक दलहरुको कर्तब्य र दायित्व समेतभएकाले त्यसैं तर्फ सरकार र राजनीतिक दलहरु लाग्नु पर्ने बेलामा केही जातिवादी दलहरुलाई साथ लिएर केही मधेसवादी दलहरुले आन्दोलनको घोषणा गर्नुले उनीहरु जनताप्रति इमान्दार नभएको प्रमाणित हुन्छ ।*

*मुलुकको कार्यकारी प्रधानमन्त्रीले सबै दलहरु र मोर्चालाई समेत वार्ताको लागि पटक-पटक आव्हान गरिरहेका भएपनि मधेसवादी दलहरुले प्रधानमन्त्रीको आव्हानलाई वेवास्ता गर्दै आन्दोलनमा जाने घोषणा गर्नुले उनीहरु कसको निर्देशनमा सञ्चालित हुँदैछन् भन्ने आशंका समेत उब्जिएको छ । वार्ताको माध्यमबाट जस्तासुकै समस्याहरु पनि समाधान हुन सक्छन् । वार्ता र छलफललाई निरन्तरता दिएर समस्याको समाधान खोजिनु पर्नेमा वार्तामैं नबस्ने अडान लिनुले समस्याको समाधान गर्न मधेसवादी दलहरु तयार नभएको प्रष्ठ भएको छ । संविधान जारी भएपश्चात आन्दोलनमा गएका केही मधेसवादी दहलरुले मधेसमैं बसोबास गर्ने जनताको विश्वास समेत जित्नसकेका थिएनन्, त्यसैले उनीहरु कहिले दिल्ली दौडाहामा गए त कहिले विहार, पटना । आफ्नै देशको सरकार र राजनीतिक दलहरुलाई विश्वासमा लिन नसक्ने मधेसवादी दलका नेताहरुले विदेशी नेताहरुलाई हारगुहार गरेर आन्दोलन सफल पार्न खोज्नुले प्रष्ठ हुन्छ, उनीहरु लगाए, अह्राएको गर्ने मात्र हुन्, उनीहरुलाई निर्देशन दिने अरु नै छन् ।*

*भारतले लगाएको अघोषित नाकाबन्दी अघोषित रुपमैं २०७२ माघ २२ गते खोलेपछि केही मधेसवादी दलका नेताहरुले भारतीय नेताहरुले आफुहरुलाई धोका दिएको अभिब्यक्ति सर्वाजनिक रुपमैं दिएका थिए । संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले त आफूहरुलाई भारतले धोका दिएको र आफूहरुलाई थाहैं नदिई नाकाबन्दी खोलेको भन्दै आक्रोश समेत पोखेका थिए । त्यसैगरी सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले संविधानसभाको दोस्रो निर्वाचनमा पराजित भएपछि आफूमात्र पराजित नभएको भन्दै भारत पराजित भएको अभिब्यक्ति दिएकाले समेत प्रमाणित हुन्छ, उनीहरु भारतकै इसारामा काम गरिरहेका छन् । अहिले आन्दोलनमा सरिक भएका मधेसवादी दलका अधिकांश नेताहरुलाई मधेसमा बसोबास गर्ने जनताले चुनावमा पराजित गराइदिएका थिए । आ-आफ्नो क्षेत्रका जनताले निर्वाचनमा पराजित गराइदिएपछि उनीहरु जनताको सेवामा लागेर जनताको मन जित्नुको बदला भारतको इसारामा नाच्न पुग्नेले आउँदो संसदको चुनावमा समेत उनीहरु पराजित हुने निश्चित जस्तैं भएको छ ।*

*संविधानसभाबाट संविधान निर्माण भएपछि मुलुक संविधान कार्यान्वयनको मार्गमा लागेको छ । संविधान निर्माण गर्नुभन्दा कार्यान्वयन गर्नु जटिल विषय भएकाले सबै राजनीतिक दलहरु एकै ठाउँमा उभिनु आवश्कय छ । संसदमा अहिले राजावादीदेखि लिएर गणतन्त्रवादीसम्म रहेका छन् । जुनसुकै विचार लिएका पार्टीहरु त्यहाँ भएपनि उनीहरु सबैले आउँदो निर्वाचनमा आ-आफ्नो दलले बहुमत ल्याएर आफूहरुले भनेजस्तो संविधान संशोधन गर्न सक्ने विश्वासमा रहेका हुनाले मधेसवादी दलहरुले समेत त्यस्तैं मार्ग अपनाउन सक्नुपर्छ । यदि होइन भने उनीहरुले सांसद पदबाटैं राजिनामा दिएर आनदोलनमा जानु उचित हुन्छ । जनताले तिरेको करबाट तलबभत्ता खाने अनी बहुमत जनताकै विरुद्धमा आन्दोलन गर्ने नैतिक अधिकार उनीहरुलाई हुँदैन । मधेसमा बसोबास गर्ने जनताको हक अधिकारका लागि आन्दोलनको नौटंकी गर्नुभन्दा सरकारलाई वार्तामा बस्न बाध्य बनाएर वार्ताबाटैं समस्याको समाधान खोज्नु मधेसवादी दलहरुकै हितमा हुनेछ ।*

# गुट, उपगुटको मारमा नेपाली जनता

देवेन्द्र चुडाल

आउँदो आइतबार वैशाख १२ गते विनाशकारी भूकम्प गएको एक वर्ष पुग्दैछ । अब एक वर्षको समयमा भूकम्पपीडितहरूका लागि सरकारले के-के गर्‍यो भनेर मूल्यांकन गर्ने बेला भएको छ । यहाँनिर सम्झनु पर्ने अर्को कुरा समेत छ । भूकम्पको मारमा परेका नेपालीमाथि दक्षिणी छिमेकी मुलुक भारतले लगाएको अघोषित नाकाबन्दी । भारतले लगाएको नाकाबन्दी र भूकम्पको पीडा सँगसँगै भोग्न नेपाली जनता बाध्य भए वा पारिए । भूकम्प दैवी विपत्ति भएपनि नाकाबनदी भारतले सिर्जना गरेको कठोर कदम थियो । जनताका प्रतिनिधिहरूले संविधानसभाबाट संविधान निर्माण गरी २०७२ असोज ३ गेत जारी समेत गरे । संविधान निर्माणको अन्तिम चरणमा केही मधेसवादी दलहरूले संविधान निर्माण प्रक्रियामै असमति जनाउँदै संविधानसभा छाडेर मधेस आन्दोलनमा गए, त्यही मधेस आन्दोलनलाई देखाएर भारतले अघोषित नाकाबन्दी लगाएको र केही मधेसवादी दलहरूले नाकाबन्दीलाई स्वागत गर्दै आफ्नै देशका जनतामाथि घात गरेका हुनाले अझै लामो समयसम्म त्यसको प्रभाव नेपाल र नेपाली जनताले भोग्नु पर्ने अवस्था सिर्जना भएको छ । भूकम्पको मारमा परेका जनतालाई सरकारले जति सहयोग र सेवा पुर्‍याउनु पर्ने थियो, त्यति हुन सकेन । हाम्रा राजनीतिक दलका स्वार्थी नेताहरू सत्ताको स्वादमा रमाउन बानी परेककै कारण अहिले पनि भूकम्प पीडितहरू कष्टकर जीवन बिताउन बाध्य भएका छन् । भूकम्प पीडितहरूका लागि कामै नभएको चाहिँ होइन । तर, जति हुनुपर्ने थियो त्यो हुन नसेकेको पक्कै हो । अहिले पनि पुनर्निर्माणको काम कछुवा गतिमा चलेको हुनाले पुनर्निर्माणको कार्य लामो समयसम्म चल्नसक्ने देखिन्छ ।

अहिले पनि भूकम्पका पराकम्पजस्तै संविधान आगमन अघि र पछिका अनेक थर्कनहरू थामिएका छैनन् । केही मधेसवादी दलहरूले उठाएका मुद्दाहरू किनारा लागि सकेका छैनन् । संघीयता, धर्मनिरपेक्षतालगायतका मुद्दाहरू समेत संलिएका छैनन् । बहुसंख्यक हिन्दूहरूको मनले धर्मनिरपेक्षता मानेको छैन भने दिल्ली दृष्टि अझै संलिएको देखिएको छैन । यी कुराहरू नमिलाई नयाँ संविधानको प्रशास्ती मात्र गाइरहनुको कुनै अर्थ रहँदैन । नयाँ संविधानलाई देखाएर राजनीतिक दलहरूले जनतालाई भ्रममा राख्नु भन्दा जनतालाई नै निर्णय गर्ने अधिकार दिएर विवादास्पद मुद्दाहरूका बारेका निर्णय गर्ने अधिकार दिएको खण्डमा त्यसले सही निर्णय दिन सक्छ । लोकतन्त्रमा जनताभन्दा ठूलो निर्णायक शक्ति अर्को हुनु सक्दैन । जनतालाई डर त्रास देखाएर केही सयम उनीहरूलाई थामथुम पार्न त सकिला, तर त्यस्तो थामथुमको प्रयास दीगो र भरपर्दो नहुने भएकाले उचित निर्णयका लागि जनतालाई नै निर्णय गर्न अधिकार दिइनु उचित मात्र होइन लोकतान्त्रिक अभ्यास समेत हुनेछ । नयाँ संविधान लागु भएको ६ महिना बितिसके पनि संविधानका कतिपय प्रावधानहरू अहिलेकै अवस्थामा लागु हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ । संविधानले नै अपरिवर्तनीय केही कुराहरू बाहेक अन्य कुरा परिवर्तनीय स्वीकार गरेको हुनाले आफूलाई चित्त नबुझेका मुद्दाहरूका बारेमा राजनीतिक दलरूलाई विरोध गर्ने अधिकार दिएको छ । त्यसैको फलस्वरूप संवैधानिक राजतन्त्र र हिन्दू राज्य हुनुपर्ने प्रमुख मुद्दा बकेको राप्रपा नेपाल र संघीयताको विरोधी रहेको राष्ट्रिय जनमोर्चा समेत सरकारमा सामेल भएका छन् । सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले र एमाओवादीबीचमा पनि केही मुद्दाहरूमा अलग अलग विचार रहेको छ, तर सत्तामा उनीहरू सँगै रहेका छन् । लोकतन्त्रले जनताले जनताका लागि जनताद्वारा नै गरिने शासन पद्वतिलाई सम्बोधन गर्ने गरेको हुन्छ । पछिलो समयमा सरकार र राजनीतिक दलहरूको चरित्र हेर्दा उनीहरू नै लोकतन्त्रको धज्जी उडाउँदै आएका छन् । जनताले आवाज उठाइसकेपछि त्यसलाई सम्बोधन गर्ने दायित्व सरकारको हो, तर खोई त सरकारले बहुसंख्यक जनताले हिन्दूराज्यका पक्षमा आवाज उठाउँदा सम्बोधन गरेको ? संविधान भनेको ढुंगामा कुँदिएको अक्षर होइन, जनताले चाहेको खण्डमा संविधान च्यातिन सक्छ, बल्न सक्छ र संशोधन हुनसक्छ । त्यसैले संविधानसभाले निर्माण गरेको संविधानको पहिले संशोधन ०७२ माघ ९ गते भएको हो । संविधान निर्माण गर्दा केही कमीकमजोरी भएको पक्कै हो भन्ने प्रमाण त संविधान जारी भएकै भोलीपल्ट तत्कालिन सुशील कोइराला नेतृत्वको सरकारले संसदमा संविधान संशोधन प्रस्ताव दर्ता गराउनुले नै प्रमाणित हुन्छ ।

एकातिर नेपाली जनता भूकम्पको मारमा परेका र ठीक त्यही मौका छोपेर भारतले आफैं समस्या सिर्जना गरी आफैंद्वारा पालित पोषित केही नेताहरूलाई मधेस आन्दनोलनको नेतृत्व गर्न लगाएर सीमा नाका बन्द समेत गर्नुले त्यसको मार नेपाली जनतलो सहनु परेको थियो । संविधान निर्माणकै क्रममा रहेका बेला केही मधेसवादी दलहरूले भारतको इसारमा आन्दोलन गर्ने धम्की दिइरहेका भएपनि तत्कालिन कोइराल सरकार र त्यसपछि गठन भएको केपी ओली नेतृत्वको सरकारले कुटनीतिक रूपमा भारतसँग कुराकानी गर्न नसक्नु र समस्याको जड पहिल्याउन नसक्नु सरकारको कमजोरी हो । सरकार जहिल्यै सुकैपनि अविभावकका रूपमा रहुन पर्छ । सत्ताको नेतृत्वकर्ता दलहरूले अन्य सबै दलहरूलाई एकै ठाउँमा ल्याएर वार्ता र सहमति गरेर मुलुकका समस्याहरू समाधान गर्नेतिर लाग्नु पर्नेमा यहाँ भने त्यसो हुन सकेको देखिएको छैन । दलहरूको व्यक्तिगत र दलगत स्वार्थका लागि गुट, उपगुटहरू निर्माण गरेर शीर्ष नेताहरू आफ्नै गुटबन्दीमा रमाउने प्रवृत्तिले गर्दा अनाहकमा जनताले दुःख पाउनु परेको सत्य वास्तविकता हो । अहिले पनि सत्ताधारी र प्रमुख प्रतिक्षी दलसहित अन्य दलहरूमा समेत गुट उपगुट रहेका छन् । गुटगत स्वार्थ पुरा गर्ने प्रयास गुटका नेताहरूले गर्ने गरेका हुनाले दलहरू एकजुट हुन नसकेका हुन् । पार्टीका शीर्ष नेताहरूका लागि आफ्नो पार्टीका कार्यकर्ताहरूलाई समान व्यवहार नहुनु र आलोचना सुन्न सक्ने साहस नेताहरूमा नहुनुले उनीहरू आफ्नो गुणगान गाउने र आफ्नै वरिपरि घुम्ने कार्यकर्ताहरूकै बीचमा मात्र रमाउने प्रवृत्ति देखिएकाले त्यसलाई भक्तिमार्ग भनिएको हो । जबसम्म शीर्ष नेताहरू भक्तिमार्गबाट बाहिर निस्कन सक्दैनन तबसम्म पार्टीका कार्यकर्ताहरूको उचित सम्मामन हुन सक्दैन र त्यसपछि गुट उपगुटको सिर्जना हुन्छ भन्ने हेक्का नेताहरूमा हुनुपर्ने आवश्यकता देखिएको छ । मुलुक दोहोरो पीडामा परेको बेलामा पनि दलहरू एक हुन नसक्नु र एउटै दलभित्र पनि गुट, उपगुट बनाएर पार्टीगत र व्यक्तिगत स्वार्थ पुरा गर्ने प्रवृत्ति देखिनु मुलुककै लागि दुर्भाग्यको विषय हो ।

पछिल्लो समयमा नेकपा एमालेका अध्यक्ष केपी ओलीले दिएको अभिव्यक्ति स्वागत योग्य रहेको छ । उनले आफ्नै पार्टीको केन्द्रिय समितिको बैठकमा आफू पार्टी अध्यक्ष र प्रधानमन्त्री समेत भएको हुनाले आफूले कुनै गुट उपगुट सञ्चालन नगरेको र अब आफू फेरि पार्टी अध्यक्ष र प्रधानमन्त्री समेत नबन्ने भएकाले गुट, उपगुट सञ्चालन नगर्ने प्रतिबद्धता जनाएका छन् । त्यसलाई नेकपा एमाले मात्र नभएर अन्य सबै राजनीतक दलहरूले अनुशरण गर्न सकेको खण्डमा लोकतन्त्रकै जित हुन्छ । लोकतन्त्रमा पार्टीहरू कमजोर भएको खण्डमा मुलुक नै कमजोर हुन्छ भन्ने प्रमाणत त भारतले लगाएको नाकाबन्दीले नै प्रमाणित गरिसकेको छ । नेपालका राजनीतिक दलहरू विभाजित भएका र केही दलहरूलाई साथमा लिएर उनीहरूको सहयोग र समर्थनमा नाकाबन्दी लगाइनुले प्रमाणित हुन्छ, दलहरू बलिया र एक जुट हुनै पर्छ । गुट र उपगुटको राजनीतिले समग्र मुलुकलाई नै प्रभावित गर्ने सम्भावना रहन्छ । नेपाली कांग्रेसका तत्कालिन सभापति गिरिजाप्रसाद कोइरालाले आफू प्रधानमन्त्री भएको बेला गुट र उपगुट सञ्चालन गरेर पार्टीका संस्थापक नेताहरू गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईलाई अन्याय गर्दा पार्टीको हालत कस्तो भएको थियो ? गुट, उपगुटको राजनीतिले कांग्रेस विभाजित भयो, एमाले विभाजित भयो, एमाओवादी विभाजित भयो, राप्रपा विभाजित भयो । २०४६ सालपछि गठन भएका मधेसवादी दलहरू २६ पटक विभाजित भए, यसरी दलहरू विभाजित हुँदै जानुले लोकतन्त्रकै खिल्ली उडेको छ । व्यक्तिगत स्वार्थ नमिलेको खण्डमा दललाई विभाजित गर्ने प्रवृत्तिलाई संविधान संशोधन गरेरै भएपनि रोक्नु आवश्यक छ । आफ्नै पार्टीको नेतृत्वमा सरकार बनेपनि नेतृत्वले दिएको आदेश वा निर्देशनलाई पार्टीबाट मन्त्री बनेकाहरूले स्वीकार गर्न अहिले पनि सकेका छैनन् । पार्टी अध्यक्षको आदेश वा निर्देशन मन्त्रीहरूले स्वीकार नगुर्न भनेको दण्डिहिनताको अर्को राम्रो नमुना बाहेक अन्य केही हुन सक्दैन । मुलुकमा दण्डहीनताले प्रश्रय पाएको छ । जनता चरम अभाव, कालोबजारीबाट पीडित भएका छन् । केही कथित उद्योगपति र व्यापारीहरूले ठूलो मात्रामा सम्पत्ति बाहिरी मुलुकमा लगेका छन् । हालै मात्रामा पानामाले निकालेको दस्तावेजमा १३ नेपालीले विदेशमा पैसा लुकाएको रहस्य खोलिदिएको छ । तर सरकारले आजसम्म त्यस विषयमा केही बोल्न चाहेको छैन आखिरी किन ?

पानामाले १३ नेपालीहरूको नाम सार्वजनिक गरेकोमा त्यस विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलगायत अन्य सरोकारवला निकायहरूबाट अविलम्ब छानविन गरी उनीहरू को-को हुन्, उनीहरूको हैसियत के हो भनेर जनतालाई प्रष्ठ पार्नु आवश्यक छ । पानामामा प्रकाशित भएका अन्य मुलुकका सरकारले छानविन थालिसकेका र केही देशका उच्चपदमा रहेका व्यक्तिहरूले पदबाट राजिनामा समेत दिइसकेको अवस्थामा केपी ओली नेतृत्वको सरकार भने किन मौन ? १३ जनाको नाम प्रकाशित भएपछि केही उद्योगपति र केही व्यापारीसहितका व्यक्तिहरू आ-आफ्ना दलाल मार्फत सम्बन्धित निकायका प्रमुखहरूलाई प्रभावमा पार्ने प्रयासमा लगेको आभास पाउन थालिएको हुनाले त्यस्ता दलालहरूलाई पक्राउ गरी अनुसन्धान गरेको खण्डमा १३ जनालाई सहजरूपमा कानुनी दायरामा ल्याउन सकिने एक उच्च अधिकारीले बताएपनि अहिलेसम्म सरकारले केही निर्देशन नदिएको स्वीकार गरेका छन् । केपी ओलीले आफू प्रधानमन्त्री भएकै दिन उद्घोष गरेका थिए, आफू सिंहदरबारमा फोटो झुन्ड्याउनका लागि मात्र प्रधानमन्त्री नबनेको र आफूलाई अरू प्रधानमन्त्रीहरूको जस्तो समय पनि नभएकाले फटफट काम गर्ने छु भनेका थिए, तर अहिले उनको काम गराई उनकै बोलीभन्दा फरक रहेको देखिएकोछ । प्रधानमन्त्रीले दिएको निर्देशनहरू कति कार्यान्वयन भए भएन भनेर उनले कहिल्यै कसैलाई अनुगमन गराउने गरेका छैनन् । उनकै पार्टीका मन्त्रहिरूले समेत उनको निर्देशन स्वीकार नगर्दा समेत उनले पार्टी अध्यक्षको हैसियत र प्रधानमन्त्रीको हैसियतले कारबाही गर्न सकेका छैनन् । त्यसको एउटै कारण हो, विभिन्न गुट र उपगुटबाट मन्त्री बनाइएकाहरूले पार्टी अध्यक्ष एवं प्रधानमन्त्रीको भन्दा आफ्नो गुटको नेताको निर्देशन स्वीकार गर्ने गरेका हुनाले प्रधानमन्त्री ओली दिनप्रतिदिन कमजोर बन्दै गएका छन् । सिंहदरबारमा फोटो झुन्ड्याउन मात्र प्रधानमन्त्री नबनेको उद्घोष गर्ने ओलीले अब भन्न सक्नुपर्छ, आफ्नो ६ महिने कार्यकालमा जनताका लागि के गरे ? जनताको यति धेरै समर्थन पाएपनि मुलुक र जनताको लागि केही गर्न नसक्नुले ओली सरकारको राष्ट्रियता, राष्ट्रिय अखण्डताप्रतिको अडान कतै हावामा नउडोस्, त्यसैले उनले आफ्नो प्रतिबद्धता पुरा गर्न साहस पूर्वक आफ्नो कदम अगाडि बढाउनै पर्छ ।

*devendrachudal@gmail.com*

# जनता र पूर्वराजासँग हस्तक्षेपको विकल्प छैन


राजन कार्की

अति भयो । देश, जनता र पूर्वराजामाथि अन्याय भइरहेकै छ । जनता र पूर्वराजाले हस्तक्षेप नगर्ने हो भने राजनीतिक दलहरू र तिनका प्रभावमा पारिएका राज्यप्रशासनले अन्यायको चाप र ताप बढाउँदै जाने भए । भनिन्छ, इख नभएको मान्छे र विष नभएको सर्पसँग कोही डराउँदैनन् । आफूमाथि भएको अन्याय, विभेद र अत्याचारको जनता र पूर्वराजाले विरोध गर्ने बेला भयो । विरोध मुखले, कुराले, सन्देशले होइन, व्यवहारमा देखिन जरूरी छ । तवमात्र छाढा साँढे बनेको तन्त्र लोकतन्त्रको लिकमा सच्चिएर आउला । यिनै हुन् जसले बलात राजतन्त्र हिन्दूधर्म फाले, गरेको वचनवद्धतासमेत तोडेर मिल्काइदिए तैपनि पूर्वराजाको सहनशीलता तोडिएको छैन । किन ? जसलाई जिम्मा लगाएको हो, ती सबै भ्रष्ट, गैरजिम्मेवार र अकर्मण्य सावित भए, तैपनि पूर्वराजाको सबर टुटेको छैन । किन ? बल्ल अलि कडा रूपमा बोल्नसम्म थालेका छन्, बोलीअनुसारको कडा व्यवहारमा ढालिन सकेका छैनन्, किन ? के अहिले पनि घेरावन्दीमा छन् पूर्वराजा ? छैनन् भने जनताको कुरा बोल्ने, देश दुख्यो भन्ने अनि जनता र देशको लागि केही गर्न ढोकाबाट बाहिर ननिस्कने किन ? बुझ्निनसक्नु छ ।

पूर्वराजाको नयाँवर्षको सन्देश पढ्ने आम जनताको विचार छ, पूर्वराजाको धैर्यको बाँध टुट्यो । यो विचार विश्वासमा बदलियो भने नेपालको राजनीतिक परिदृश्य एकाएक बदलिनेछ । न अहिले जनयुद्धको समय छ, न जनआन्दोलनको । जनता यतिबिघ्न वाक्क भइसके कि नेताहरूप्रति जनताको घृणा र उपेक्षाभाव बाहेक केही देखिदैन ।

जति सपना देखाएका थिए नेताहरूले ती सपना चकनाचूर भइसके । मधेस आन्दोलन, भारतको नाकावन्दी, सरकारको कूशासन र कालोबजारमा सरकारको समर्थन । भूकम्प, हावाहुरीको विपत र विपतका नाममा राजनीतिक दल, सरकार र पहुँचवालाले मच्चाएको लूटतन्त्र । जनता यति अन्याय र उपेक्षामा परे कि जनता रगतको आँसु रोइरहे, कुनै नेता जनताको साथमा उभिएर जनताको पक्षमा बोलेनन् । यही कारण हो, लोकनेताहरूप्रति जनताको निराशा । र, पूर्वराजा र हिन्दूराष्ट्रको सम्झना ।

संघीयताले देशका विविध जातिवीच बैमनुस्यता बढाएको छ । एकताको कडी टुटेको छ । देशलाई तोड्ने र आफू तथा आफन्तका लागि सम्पत्ति जोड्ने होडबाजी देखिन्छ नेताहरूमा । नेता देशका लागि होइन, जनताका लागि होइन, यी त सत्तास्वार्थमा मग्न निरो बनेका छन् । हामीलाई जनताको भावना बुझ्ने लोकतन्त्र र लोकनेता चाहिएको थियो, पाइयो व्यापारी नेता । राजनीतिलाई चाणक्याले उत्तम नीति भनेका थिए, नेपालको वर्तमान सन्दर्भमा हेर्दा राजनीति तिल्के मारवाडीनीति बन्न पुग्यो ।

पूर्वराजा ज्ञानेन्द्र शाहले नयाँ वर्षको सन्देश के दिए, राजनीतिक दलहरूले पचाउनै सकेनन् । खासगरी सत्ताको करिडरमा रमाइरहेका दलहरू आत्तिए नै । यसपल्टको पूर्वराजाको सन्दैश यति कडा भएछ कि सत्ताधारी र ठूला भनिने दलका नेताहरूले पचाउनै सकेनन् । सधैं 'हाजमोला' खाएर जनताको रगतपसिना पचाउने गरेका नेताहरूलाई यसपटकको पूर्वराजाको सन्देशले छटपटी नै मच्चाइदियो । त्यसमाथि ज्योतिष ओजराज उपाध्याय लोहनीले अर्को धक्का दिए । यिनले भविष्यवाणी गरेका छन्– २०७३ सालका सुरू दिनदेखि नै नेपालमा राजनीतिक संकट गहिरिदै जान्छ, संकटकाल लाग्छ, सैनिक शासन लाग्छ, हिन्दूराष्ट्र र राजतन्त्र पनि फर्कन्छ । के चाहियो, जनयुद्धमा लुट्नु लुटे, जनआन्दोलनपछि निरन्तर देशलाई लुट्दै आएका राजनीतिक नामधारी फौबञ्जारहरूको सातो उडिहाल्यो । लौ अव के हुने हो ?

संविधान जारी गरेरको ८ महिनासम्म पनि कार्यान्वयन गर्न नसकेर घडीको रालो हल्लिएझैं हल्लिरहेको स्थिति, कसरी देशभित्रका विभिन्न बर्गसमुदायको आन्दोलनलाई मत्थर पारेर संविधान कार्यान्वयन गर्ने भन्ने चिन्ता र सत्ता र शक्ति छाड्नु नपरोस् भन्ने स्वार्थका कारण राजनीतिक दलहरू दिनदिनै असफल भएर गइरहेका छन् । त्यसमाथि सिके राउत, सिके लालहरूको बिखण्डनबादी आवाजको चर्कदो स्वर, गणतन्त्रवादीहरूको हुटहुटी अरू बढेर गएको छ । पूर्वराजाले पहिलेदेखि नै देश बर्बाद हुनलाग्यो भनेर चिन्ता गरिरहेका छन् । पूर्वराजाको चिन्ता सामयिक चिन्ता हो । बुद्धि भएको भए लोकतान्त्रिक नेताहरूले पूर्वराजालाई पनि स्पेश दिएर उनको अनुभवलाई समेत साथमा लिएर अघि बढ्न सकेको भए संविधान यसरी विवादको विषय बन्ने थिएन । अव त राजावादी पनि आन्दोलित भइसकेका छन् । हिन्दूवादी त देशव्यापी रूपमा सडकमा निस्कन थालिसके । हिन्दूवादी र राजावादी एक भइदिए र त्यसमा विभेद भयो, दमन भयो, अन्याय र अत्याचार गरियो भन्ने आन्दोलित शक्तिहरूसमेत मिसियो भने गणतन्त्र बालुवाको महल हुनबेर छैन । यथार्थमा गणतन्त्रप्रति राजनीतिक दलहरू इमान्दार नै छैनन् । यिनलाई गणतन्त्र, धर्मनिरपेक्षता अथवा संघीयताभन्दा सत्ता र शक्तिको लालच छ । जब लालच हुन्छ, त्यो पद्धति जनताको जीवनमा भिज्न सक्दैन । संविधान असरल्ल, बेवारिसे बनेको कारण यही हो ।

भारत र युरोपियन युनियनले संविधानप्रति नकारात्मक धारणा राखे भनेर चिच्याउने सत्ताधारीहरूले चीनले नेपालको संविधानलाई स्वागत गऱ्यो भनेर झ्याली पिटे । संविधान नेपालको आन्तरिक मामिला मात्र हो भने भारतको विरोध अथवा चीनको समर्थन दुबैप्रति दुःख र खुशी किन व्यक्त गरियो । विश्व एकदोस्राप्रति यतिधेरै आवद्ध भइसकेको छ कि मानवाधिकार सबैको चासोको विषय बनेको छ । मधेसी मोर्चा अथवा सिमान्तकृत नेपालीले संविधानले अन्याय गऱ्यो, विभेद गऱ्यो, बहुमत जनताको कदर गरेन भनेको आवाजलाई नेपालले थुन्न, छेक्न सक्दैन । सम्हाल्ने ल्याकत राजनीतिक दलहरूले देखाउनु पर्छ । त्यो देखाउन सकेनन्, दमनमा उत्रिए र ५ दर्जनभन्दा बढीको ज्यान लिइयो । संविधान जारी भएपछि यतिका जनताको ज्यान जानुपर्ने कस्तो संविधान हो ?

**पूर्वराजाको नयाँवर्षको सन्देश पढ्ने आम जनताको विचार छ, पूर्वराजाको धैर्यको बाँध टुट्यो । यो विचार विश्वासमा बदलियो भने नेपालको राजनीतिक परिदृश्य एकाएक बदलिनेछ । न अहिले जनयुद्धको समय छ, न जनआन्दोलनको । जनता यतिबिघ्न वाक्क भइसके कि नेताहरुप्रति जनताको घृणा र उपेक्षाभाव बाहेक केही देखिदैन ।**

यहीकारण, वैशाख ६ गते मधेसी मोर्चा र जनजातिहरूले मिलेर राजधानीबाट सिंहदरवार केन्द्रित कडा आन्दोलन गर्ने अन्तरक्रिया गरेका छन् । महन्थ ठाकुरले ओलीको बोली र गोली उस्तै दमनकारी छन्, ज्यानमारा लाग्छन् । यिनले जतिसुकै वार्ता वार्ता भने पनि ३६ पटक वार्तामा बसियो, हामीलाई कुराइयो र वार्तामा निष्कर्ष निकालिएन । हामी राज्यदमनबाट लुकिलुकी हिड्नु पर्ने अवस्था छ । मधेस नेपाल हो, आन्दोलन नेपाली हो, हामीलाई बिखण्डनवादसँग नजोडियोस् । बिभाजनकारी नभनियोस् । यथार्थमा राज्यदमनकारीहरूले मधेस र जनजातिको पीडा बुझ्नेनन् भनेर आरोप लगाए ।

राजावादी, हिन्दूवादीको आरोप त्यस्तै छ । ९३ प्रतिशत ऊँकार परिवार भएको मुलुक कसरी धर्मनिरपेक्ष हुनसक्छ ? यो गम्भीर प्रश्न हो र कहिल्यै धार्मिक द्वन्द्व नभएको नेपाल बिस्तारै धार्मिक युद्धतिर तानिदैछ । यो कूकर्म राजनीतिक दलहरूले गरिरहेका छन् । संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताको विवादको अन्त्य भनेको जनमत संग्रह हो । लोकतन्त्रमा लोकमत नै निर्णायक हुनेगर्छ । बिना लोकमत लादिएका विषयहरूको निर्क्यौल गर्ने र राजनीतिक स्थिरताका साथ नेपालीत्वको जगेर्ना गर्ने हो भने तत्काल जनमत संग्रह गरेर एउटा राजमार्ग पहिल्याउनु पर्छ । अन्यथा लोकतन्त्रको साइनबोर्ड झुण्ड्याएर सिण्डिकेटतन्त्र चलाउने एकदर्जन नेताहरूले राष्ट्रलाई राजनीतिको सातघुम्तीबाट खगार्ने निश्चित छ ।

पूर्वराजाको एउटै कडा सन्देश र एकजना ज्योतिषको भविष्यवाणीले ९ रेक्टरको भूकम्पको कम्पन अनुभव गर्ने राजनीति लोकतन्त्र हुनसक्दैन । ९० प्रतिशत प्राविधिक मतले पारित गरेर जारी गरिएको संविधान ८ महिनासम्म कार्यान्वयन हुनसक्दैन भने त्यस्तो संविधान न जनमैत्री हुनसक्छ, न राष्ट्रिय बिधान बन्नसक्छ ? अहिले नै यो हालत छ, पूर्वराजा राष्ट्रका लागि सडकमा उत्रिए भने यी नेता र यिनले चलाएको सिण्डिकेटतन्त्र कहाँ पुग्ला ? पूर्वराजाले सन्देशमात्र दिएर पुग्दैन भन्ने आवाजले गर्दा उनी अव सडकमा निस्कन बाध्य हुनेछन् । अन्यथा नेपालको अस्तित्व नै संकटमा पर्ने देखिन्छ । पूर्वराजाले म यहीँ छु भनेका हुन् । अव देशलाई बिपतमा पारियो पनि यिनैले भनेका छन् । यथार्थ हो यो । यो यथार्थ तीतोलाई मेटाउनका लागि पूर्वराज अघि सर्नैपर्छ । राजनीति गर्ने दलहरूले नै हो । दलहरू दिशाभ्रम भएका बेला, दलहरू नैतिकहीन बनेका बेला, दलहरू जनविरोधी भइरहेका समयमा तिनलाई सच्याउनका लागि समेत एउटा अभिभावक अघि आउनै पर्छ । त्यो दायित्व अव पूर्वराजाले निर्वाह गर्नुपर्छ । ज्योतिषले भनेजस्तो होला नहोला, तर राष्ट्र रहे नेपालित्व रहन्छ । नेपालीत्व बचाउन आमनागरिकको नेताका रूपमा पूर्वराजा सडकमा उत्रने बेला भयो ।

जीवन बाँच्नका लागि हो । बाँच्नका लागि न्यायको खोजी गर्नैपर्छ । मरेपछि ओखतीको काम छैन । न्याय गर्न ढिलो भयो भने न्याय पनि अन्याय हुनजान्छ । अबेर गर्दा पछि पछुताउनु पर्ने हुन्छ । आम जनता राजनीतिक नेताहरूको अराष्ट्रिय र जनविरोधी क्रियाकलापबाट निस्तेज भइसकेका छन् । लोकतन्त्रमा लोकको तेज सम्झना गराउन र देश र जनताप्रति जिम्मेवार राजनीतिको प्रेरणा बनेर पूर्वराजा राजनीतिक राजमार्गमा निस्कने कि ?

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट
सिन्ह्वा कम्पनी प्रा.लि.
बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१-६९२३१५२, ६९२३१३०



# Escaping the Shadow of the Southern Block

India's adversarial relationship with Pakistan and its parasitic relationship with Bangladesh have long overshadowed the country's troubled relations with other regional neighbors. However, if you were to pick up any western foreign policy magazine this point seems to be glossed over.

The Indian establishment's reach into western think tanks and South Asian experts is both troubling and admirable. Imitating the Saudi's, India too has been bribing Western academics to look the other way where it comes to the reality of the region and how India is viewed by its neighbors. In a recent article which appeared in Foreign Policy magazine titled 'Escaping the Shadow of Pakistan', the inaccuracies related to the region and the deliberate portrayal of Pakistan as the demon T-rex of South Asia is pathetic. The author of this piece has made untrue assertions about recorded historical issues, which force one to ask what the editorial board at the magazine was doing. Is this the standard of fact checking that the magazine employs?

In the article, the biased Seth Oldmixon, ham fistedly tries to sell —-he is after all a public image consultant— the idea, that the greatest threat to pluralistic democracy –an American principle—is Pakistan. That because, its security establishment is working for its nations own interests, it does not care which nation it destabilizes. An incredible concern, considering he is a US citizen exemplifying white privilege and capitalism at its finest.

In the offensive piece, he quotes the 'Blood Telegram', and misleads the reader into what the contents actually said. Twisting the narrative to suit his client, he claims that the telegram sent by Archer Blood affirmed that the mayhem in East Pakistan was the result of actions taken by the West Pakistani military. A bald faced lie about historical records, as the contents of the telegram in reality, expressed concern that the blood soaked pandemonium Blood witnessed in East Pakistan, was due to the Indian trained Mukti Bani. In fact, the article all together omits the issue of the Mukti Bani, and how it was created by India to destabilize and separate East and West Pakistan.

When talking about the rape of women and children that took place, the liberty loving Seth Oldmixon again mixes fact. There is no mention of the murder and rape, of countless Bihari women and children by the Mukti Bani—Again historical truth's, that are documented on film and in reports of journalists covering that time period— How is it that the founder of the South Asia liberty organization, when writing about the atrocities committed during Pakistan's civil war, forgotten to mention the bayoneting to death of non Bengali's by the Mukti Bani in front of a cheering east Pakistani crowds? Will he not address the fact, that the current Indian Prime Minister, has proudly and publically admitted the role that the Indian security forces played in creating the monsters that were the Mukti Bani?

When talking about the ICT, how is that Mr.Oldmixon forgets to mention that it has been condemned by the U.N, U.S.A, U.K, and E.U for non transparency and not allowing due process? Is this pluralistic democrat, really defending actions which have been universally declared by the world community, as politically motivated judicial murders, committed by the Hasina Wajid government? In a spectacular display of stupidity— the author of this Southern Block sponsored piece– actually tries to justify, that the Bangladeshi's who were then Pakistani, and who fought for, what was at the time Pakistan, were not fighting for a legitimate cause? By this logic, then the US southern states and the descendants of all of those who opposed the union are also criminals and can be tried!

The simple truth is that, Pakistan in good faith, has tried to put the tragic events which ripped a nation apart in the past. Following in the footsteps of Germany, France or for that matter USA and UK, Pakistan too has been working towards wanting peace with Bangladesh. However, it is high time that Bangladesh comes out of the shadow of India and behaves in a manner befitting a sovereign state. The time has come, for the Hasina Wajid government to independently cultivate relations with all its regional neighbors including Pakistan. Instead of paying public image consultants to write sordid articles bashing Pakistan, it is high time that Bangladesh and the world community asked critical questions, regarding RAW sponsored terrorism and meddling in SAARC nations.

***By : Admn***


## धुम्रपान तथा सूर्ति सेवनको असरबाट बच्ने उपायहरु

सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ अनुसार देहायबमोजिमका सर्वाजनिक स्थल, कार्यस्थल र सार्वजनिक यातायातमा धुम्रपान तथा सूर्ति सेवन गर्न पाइँदैन । यो व्यवस्थालाई कडाइका साथ पालना गर्नाले धुम्रपान तथा सूर्ति सेवनको असरबाट बच्न सकिन्छ ।

- राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय
- शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था
- विमानस्थल, वायुसेवा तथा सर्वाजनिक सवारी साधान
- बालकल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाआश्रम, अनाथालय, बाल उद्यान तथा क्बल,
- सार्वजनिक शौचालय
- उद्योग तथा कलकारखानाका कार्यस्थल
- चलचित्र घर, साँस्कृतिक केन्द्र तथा नाट्यशाला
- होटल, मोटल, रिसोर्ट, रेष्टुरेन्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्राबास तथा अतिथि गृह
- रंगशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस
- डिपार्टमेन्टल स्टोर तथा मिनि मार्केट
- धर्मशाला तथा धार्मिक स्थल
- सार्वजनिक सवारीका प्रतीक्षालय तथा टिकट काउन्टर ।

उपरोक्त बमोजिमका सार्वजनकि स्थलमा कसैले धुम्रपान तथा सूर्ति सेवन गरेमा उक्त स्थानबाट बाहिर निकालिने वा १०० रुपैयाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । व्यवस्थापक (सार्वजनिक स्थलको प्रमुख)ले उक्त बमोजिमको सजाय गर्नुपर्ने छ । त्यसैले उक्त सर्वाजनकि स्थलमा कसैले पनि धुम्रपान तथा सूर्ति सेवन नगरौँ । आफ्नो र अरुको स्वास्थ्यको सुरक्षा गरौँ ।

सबै सर्वाजनिक स्थलका व्यवस्थापक वा प्रमुखहरुले आफ्नो सर्वाजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्ने कार्य बन्द गराऔं । आफू र अरु व्यक्तिबाट ऐनको पूर्णरुपमा पालना गरौँ, गराऔँ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जिल्ला जनस्वास्थ्य कार्यालय
टेकु, काठमाडौं





# नेपालमा संघर्षको विकल्प छैन

*उपेन्द्र झा*

चिनियाँ कार्डको भरमा भारतसंग अनावश्यक सम्बन्ध बिगारेर ओली सरकार ओरालो लागेको मृग सरह पतनोन्मुख भई रहेको स्वयं पनि अनभिज्ञ छ । "आन्दोलनरत पक्षको आवाजलाई समय सीमा तोकेर संविधानमा समावेश गर्न" यूरोपियन यूनियन र भारतको संयुक्त विज्ञप्तिमार्फत आएको सुझावले नेपालको राजनीतिमा अनौठो नकारात्मक तरंग देखा पर्न थालेको छ । उग्रराष्ट्रवादका सरकारी घटकहरूमा देखिई रहेको प्रतिक्रियात्मक तरंगबाट पतनावस्थाको छटपटाहटलाई दर्शाउन थालेको भान हुन्छ । भू-परिवेष्ठित राज्यको अधिकार खोज्न हिंडेको सरकार आफ्नो असन्तुलित गतिका कारण अन्तर्राष्ट्रिय समुदायबाट एक्लिदै गई रहेको स्पष्ट हुन थालेको छ ।

भारतको विरोधबाटै अर्थलाभ गर्ने सरकारको परम्परागत चलनलाई भारतमा नव गठित मोदी सरकारले बुझ्न नसकेको र विरोधको दलदलमा यसपाली ओली सरकार नराम्ररी धस्दै गई रहेको छ । कूटनीतिक तरिकाबाट सम्बन्ध सुधार्ने सबै ढोका बन्द गरि दुबै देशलाई "देखाई दिने" चुनौतिपूर्ण अभिव्यक्ति दिई रहँदा सहजै अनुमान लगाउन सकिन्छ कि ओली सरकार सन्तुलित ढंगले सरकार चलाउन कति असक्षम छ । आफनै पार्टीको सहकर्मीहरूबाट ओली सरकारको पतनको छिद्रान्वेषण भई रहेको कुराबाट अनभिज्ञ यो सरकार चीनको ईशारामा कोकोसंग भिड्ने योजना बनाउँदैछ । कमिलालाई प्वाँख आउनु उसको प्रगति होइन, पतन हो । ढुँगामा टाउको ठोक्नु र ढुँगा टाउकोमा ठोक्किनु दुवै अवस्थामा पीडा टाउकोलाई नै हुन्छ । ढुँगालाई केही हुँदैन । स्वाभिमानको नाममा जगाईएको उग्रराष्ट्रवादका कारण नेपाल एकपल्ट फेरि पीडा भोग्न बाध्य भएको अनुमान गर्न सकिन्छ ।

सामाजिक सञ्जालमा "भारत लडाई गर्न खोजे चीन नेपालको तर्फबाट लड्ने" जस्ता मिथ्या समाचार दिएर उग्रराष्ट्रवादलाई अझ उत्तेजित गर्न खोजेको जस्तो देखिन्छ । चारैतिरबाट यो सरकारलाई उत्तेजित पार्ने तरिकाले अभिव्यक्तिहरू आउनु यो सरकारलाई सिध्याउने खेलभन्दा अरु के बुझ्न सकिन्छ ? संविधान घोषणाको स्वागत गर्ने यूरोपियन यूनियन भारतसंग संयुक्त विज्ञप्ति निकालेर नेपाल सरकारको विरोधमा कसरी गयो ? यसको समीक्षा गर्नु, भई रहेको भूललाई सच्याउनु, सवैसंग सन्तुलन बनाएर अगाडि बढ्नु ओली सरकारको सरोकारको विषय नै होइन जस्तो लाग्छ ।

उग्र राष्ट्रवादको वैशाखी लिएर केपी शर्मा ओली प्रधानमन्त्रीको पदमा आसीन भए । यहाँसम्म उग्रराष्ट्रवादको आचरणलाई बर्दास्त गर्न सकिन्छ । परिवर्तनको आकाँक्षा राख्ने नेपाली जनतालाई पुनश्च वर्गीय उग्रराष्ट्रवादको एकाधिकारमा कैद गर्नु कुन किसिमको लोकतान्त्रिक आचरण हो ? यो वर्गीय राष्ट्रवादको एकाधिकारले सीमान्तीकृत समुदायको आन्दोलनलाई जन्माई दिएको छ । देशलाई फेरि द्वन्द्वमा धकेलि दिएको छ । भ्रमवश समर्थनमा आएका चीनबाहेकका अन्तर्राष्ट्रिय समुदाय यथार्थको जानकारी पाएपछि ओली सरकारको विरोधमा उत्रिन थालेको छ । मानवाधिकार मर्यादाको किञ्चित पालना नगर्ने ओली सरकारलाई लोकतान्त्रिक सरकारको रूपमा कसरी चित्रित गर्न सकिन्छ भन्ने आशंकामा विश्व समुदाय परेका छन् । चीनसंगको अन्तरंग सम्बन्ध बनाएर देशभित्र कै आन्दोलनलाई चीनको ईशारामा निर्ममतापूर्वक दबाउन खोजेको व्यवहार अब विश्वको लोकतान्त्रिक समुदायमा प्रष्ट हुन थालेको छ । नेपालको विद्यमान सरकार लोकतान्त्रिक सराकार नरहेको यथार्थबाट परिचित हुँदै गएपछि विश्व समुदाय यसलाई छोड्दै गएको छ ।

"भारतको विरोध गरेर नेपालको विकास सम्भव छैन" सामाजिक सञ्जालमा आएको एमालेका वरिष्ट नेता माधव कुमार नेपालको अभिव्यक्ति सत्य हो । तर आशय ओलीको खेदो खन्ने हो । शक्ति र सत्ताका लागि जेपनि गर्न तयार खसवर्गीय संस्कारले वर्गीय चिन्तनबाट मुक्त भई देश र जनताका लागि कहिल्यै सोचेकै छैन । सोचे पनि आफू सत्तामा जानका लागि मात्र हो । यसले जहिले पनि संसारको उत्कृष्ट संविधान नै बनाएर दिएको हो । तर शासक र जनताबीचको चर्को अन्तर्विरोधका कारण यिनको उत्कृष्ट संविधान फालिंदै आएको छ ।

विगतको संविधान फाल्न एक दशक लागेको थियो । अहिले संविधान सभाको माध्यमले अत्यधिक बहुमतबाट बनाईएको संसारको उत्कृष्ट संविधान घोषणा हुने वित्तिक्कै जलाईएको छ । जनता आन्दोलित छन् । सरकार जनताको आवाज सुन्ने पक्षमा छैन । किनभने उ बहुमतबाट संविधान बनाएको हो । तर बहुमतबाट बनाएको संविधान कार्यान्वयन गराउन सरकार निरीह नै देखिएको छ । जनताको आवाजलाई सम्बोधन गर्ने नियतले संविधान बनाएको भए जनताले यसको स्वामित्व लिन सक्थ्यो । खसवर्गीय शासनलाई अक्षुण्ण राख्ने नियतबाट प्रेरित बेईमानीपूर्ण तरिकाले ल्याईएको संविधान अहिले मृत्युशैयामा छ । राजनीतिक अनुकूलता प्राप्त गरेर मनोनुकूल संविधान ल्याउन सफल ओली सरकार यसको कार्यान्वयनमा निरीह नै देखिएको कारण यिनको विजयोन्मादमा चालिएका गलत कदमबाट ओली सरकार असन्तुलित हुँदै गएको हो । एकैनासको परिस्थिति सधैंभरि नरह्ने भएकोले ओलीको पनि राजनीतिक अनुकूलता सिद्धिएको छ ।

ओली सरकारको बर्बर सामन्ती आचरणका कारण देश ६ महिना पूर्ण नाकाबन्दीको सास्ती भोग्यो । चीनसंगको अप्राकृतिक सम्बन्ध बनाएर भारतलाई चुनौति दिएर सम्बन्ध यिनकै पालामा बिग्रियो । यिनको अवतरणबाट नकारात्मक प्रभावबाहेक देशले राम्रो कुरा केही पाएन । यिनकै साथ सती जाने वाचा गरेको काँग्रेस प्रतिपक्षमा गएर बसे । मधेशलाई पूर्ण रूपमा अवहेलित गरियो । मधेश आन्दोलनमा यो सरकारको अमानवीय बर्बर दमनशैलीले मधेशप्रतिको अन्तर्विरोधलाई चर्को अवस्थामा ल्याउने काम गरियो । मधेशलाई प्रत्यक्ष रूपमा भीडन्तको स्थितिमा ल्याई पुऱ्याउँदा संविधान सभाबाट घोषणा गरिएको संविधान कै औचित्य सकिएको छ ।

परिवर्तनको सहज गतिशीलतालाई अवरूद्ध गरि खसवर्गीय शासकहरूले परिवर्तनलाई आफनो भागमा पार्न विगत ८ वर्षको संविधान सभालाई आफनो स्वामित्वमा राखेर भरपूर उपयोग गऱ्यो । आफनो अधिकार सुनिश्चित गर्ने जनताले स्थापना गरेको संविधान सभालाई शीर्ष ३ दलले मात्र प्रयोग गरे । जनआवाज अनुत्तरित रहेको अवस्थामा द्वन्द्व आउनु स्वाभाविक थियो । परिवर्तित परिवेशमा पनि मधेशसंग परम्परागत भेदभावलाई अझ बढि चर्को रूपमा प्रस्तुत गरियो । मधेश र पहाडबीच तिक्तता बढाउने काममा यो सरकारको अग्रणी भूमिका रह्यो ।

यसरी जनताको आवाजलाई दबाउने प्रयासमा आन्दोलन सतहमा आउनु स्वाभाविक हो । द्वन्द्व व्यवस्थापनमा आफै सक्षम रहेको नेपालमा अब यू. एन. चाहिंदैन भनेर फूर्ति लगाउने नेपाल सरकार द्वन्द्व व्यवस्थापनमा असक्षम नै देखियो । जनताले स्थापित गरेको संविधान सभाबाट आफनो हक अधिकार सुनिश्चित गर्ने जनताको सपना अधूरो रहेको अवस्थामा त्यहाँ संघर्षबाहेक अरु केही देखिदैन । नेपालको राजनीति शासक कै पेवाको रूपमा स्थापित भएको कारणले मधेशी, थारु, जनजाती, दलित चरम असन्तुष्टताको भूमरीमा फँसेको अवस्थामा नेपालमा संघर्षबाहेक अर्को कुनै विकल्प रहेन ।

आफ्नो वा पराया सबैका लागि अफाप सिद्ध भएको ओली सरकारलाई अपदस्थ गर्न बनि रहेको समीकरण तीव्ररूपमा विकसित हुन लागेको छ । तत्काल ओली सरकारको विकल्पमा अग्रसर नेपालको राजनीति कुन स्वरूपमा विकसित हुने भन्ने धारणा अहिले बनाउन मुश्किल छ । तर ओलीको विरूद्ध भिन्न भिन्न शक्तिहरु एकोहोरो रूपमा ध्रुवीकृत भई रहेको स्थितिमा अनपेक्षित घटनाहरु सतहमा नआउला भन्न सकिन्न ।

नेपालमा चीनको बढ्दो प्रभाव, नेपाल भारतको परम्परागत सम्बन्ध, मधेश, जनजाती, थारु, दलित लगायत सीमान्तीकृत समुदायको आवाजलाई गरिने सम्बोधन, बिग्रिदो अन्तर्राष्ट्रिय सम्बन्धको सन्तुलन, द्वन्द्व व्यवस्थापन, राजनीतिक स्थिरता र विकासको चरणसम्मका यावत् समस्याको सम्बोधन हुन जरूरी छ । अहिले प्रवल रूपमा उठि रहेको हिन्दूराष्ट्रको सवाल नेपाली राजनीतिमा आफनो अहम् स्थान लिई सकेको छ । यी तमाम सवाल ओलीको सरकारमा सम्भव नदेखिएकोले सरकार परिवर्तन आवश्यक ठानिएकोले राजनीति नयाँ समीकरण बनाउने दिशामा उन्मुख भएको छ ।

सरकार परिवर्तनको खेल कुनै नौलो कुरा होईन । राज्यसत्ताको वरिपरि मडारिने मुट्ठी भरका केही व्यक्तिहरु पालै पालो राज्यसुख भोग्ने कुरामा नैतिक अनैतिक हर तरहको प्रयासमा तल्लीन रहन्छन् । सोही प्रक्रिया फेरि देखिन लागेको हो । तर यसपालीको प्रक्रियामा शक्तिकेन्द्रहरूको सहभागिताले बढि रोचक बनाएको छ । खासगरि हिन्दुराष्ट्रको सवाललाई सम्बोधन गर्न वैधानिक बाटो नदेखिएको अवस्थामा यो कसरी छिर्ने भन्ने कुरा नै आकर्षणको केन्द्र बनेको छ । सरकार बनाउने नयाँ समीकरणमा सहभागि भिन्न भिन्न मतका शक्तिहरूको यो सरकार विरूद्ध घन्किने एकीकृत आवाज सशक्त नै हुने विश्लेषकहरूको आकलन छ ।

***(मधेश दर्पण फिचर सेवा)***


**नेपाल राष्ट्र बैंकको अनुरोध**

नोट हाम्रो सम्पत्ति हो । सफा नोट सभ्यताको प्रतीक हो । राम्रो र सुकिलो नोट चलाउन पाउँदा हामी प्रसन्न हुन्छौं । नोटलाई जतन गरेमा यसको आयु बढ्छ र मुलुकको ठूलो खर्च जोगिन्छ । नोटलाई जतन गर्नु हामी सबैको कर्तव्य हो । त्यसैले नोटलाई सबैले जनत गरी चलाऔं ।

**नोटलाई जतन गर्ने बारे घरघरमा चर्चा गरौं ।**

**सुरक्षित भविष्यका लागि सञ्चयकोष**

**कोषबाट सञ्चयकर्तालाई उपलब्ध सेवाहरु:**

**क. सञ्चित रकममा ब्याज प्रदान**: हालको ब्याजदर ६.७५ प्रतिशत (२०७२ श्रावण १ गते देखि)

**(ख) सापटी सुविधाहरु**:

- विशेष सापटी: कोषकट्टी खातामा जम्मा भएको रकमको ९० प्रतिशत सम्म,
  - प्रत्येक वर्ष नवीकरण हुने
  - ब्याजदर ८.२५ प्रतिशत ।
- घर सापटी: घर निर्माण वा घर/अपार्टमेन्ट खरिद गर्न:
  - सेवा अवधि वा पदावधि १० वर्ष भन्दा कम भएमा १२ वर्षको तलब वरावरको रकम,
  - सेवा अवधि वा पदावधि १० वर्ष वा सो भन्दा बढी भएमा १५ वर्षको तलब बराबरको रकम,
  - सापटीको अधिकतम सीमा रु. १ करोड,
  - ब्याजदर ८.२५ प्रतिशत ।
- शैक्षिक ऋण: घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान/श्रीमती/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्न:
  - स्वदेशका लागि अधिकतम रु. १० लाख
  - विदेशका लागि अधिकतम रु २० लाख सम्म तर एम.बी.बी.एस/ एम.डी को लागि रु २५ लाख सम्म,
  - ब्याजदर ८.२५ प्रतिशत ।
- सञ्चयकर्ता सरल चक्रकर्जा: घर जग्गाको धितोमा न्यूनतम रु ५ लाख र अधिकतम रु १० वर्षको तलव बराबर वा रु ३० लाख मध्ये जुनकम हुन्छ सो बराबर रकम, ब्याजदर ९ प्रतिशत ।

**घ) सामाजिक सुरक्षा सुविधाहरु**:

- दुर्घटना क्षतिपूर्ति योजना: सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्णअंगभंग भएमा रु १ लाख २५ हजार,
- काजकिरिया अनुदान योजना: सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु ३० हजार,
- सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २०७०: साधारण उपचारमा रु २५ हजार र कडा रोगको उपचारमा रु ५० हजारसम्म,
- सुत्केरी तथा शिशु हेरचाह योजना: महिला सञ्चयकर्ता आफैं वा सञ्चयकर्ताको पत्नी सुत्केरी भएमा सुत्केरी तथा शिशु हेरचाह प्रयोजनार्थ तमाम नोकरी अवधिमा दुई पटकसम्म प्रति प्रसुति रु ७५००/- ।

**(ङ) अन्य सुविधा**:

- कोषले ऋण लगानी गरेका कम्पनीहरुको शेयरमा सञ्चयकर्तालाई सहभागीता गराइएको (अपर तामाकोशी हाइड्रोपावर लिमिटेडमा शेयर प्रदान भई सकेको र अन्य कोषले ऋण लगानी गरेका/गर्ने परियोजनामा शेयर प्रदान गर्दै जाने) ।

**कर्मचारी सञ्चयकोष**
पुल्चोक, ललितपुर
Website: www.epfnepal.com.np

# दुई महाशक्तिबीच नेपालको भू-राजनीति

*उपेन्द्र झा*

आफ्नै कारणले भारतसँग सम्बन्ध बिग्रेपछिका दिनमा देशले भोग्नु पर्ने समस्याको निराकरण गर्न नेपाल र भारतको कूटनीतिक सम्बन्धलाई सुधार्नुको साटो चीनबाट के के न पाउने आशमा भएको प्रधानमन्त्रीको भ्रमणलाई यहाँका अर्थविद्हरूले पूर्ण सफलता पाउने आकलन गरेका थिए तर उनीहको आकंलन अहिलेको अवस्थामा निराधार ठहरिएको छ । चीन आर्थिक दृष्टिकोणले हेर्दा अन्तर्राष्ट्रिय प्रतिस्पर्धीको रूपमा सन्तुलित सम्बन्ध बनाएर हिंड्ने पक्षमा देखिन्छ । जुन अनुपातमा चीनको जनसंख्या वृद्धि भई रहेको छ त्यही अनुपातमा अर्थतन्त्र मजबूत पार्दै विश्व बजारमा आफ्नो बलियो उपस्थिति देखाउन उदार अर्थनीति लिएर चीन अगाडि बढेको छ । उत्पादन क्षमतामा संसारलाई चकित पार्ने चीनको सोचको दायरा निश्चय पनि नेपालभन्दा ठूलो होला । भारतसँग सम्बन्ध विगारेर चीनसँग नजिकिने नेपालको सोचलाई चीनले समर्थन नगर्ला कि ?

दक्षिण एशियामा चीन र भारत दुई महाशक्ति देश मित्रताको धरातलमा खडा छ । चीनको लागि संसारमा कम्युनिष्ट शासन बढाउने चाहनाभन्दा आफनो उत्पादनको लागि बजार खोज्ने चाहना प्रवल हो । यो कार्यमा नेपालको कुरा सुनेर चीन भारतसँगको व्यापारिक सम्बन्धलाई अनावश्यक रूपमा बिगार्न चाहँदैन । भौगोलिक जटिलताका कारण चीनसँग नेपालको सम्बन्ध सिमित अवस्थामा छ । यसलाई वृहत् बनाउने अनुकूलता आई नसकेकोले बलपूर्वक बढाउनु निरर्थक नै साबित हुनेछ ।

सगरमाथाको देश भएको नेपाल अन्तर्राष्ट्रिय स्तरमा आकर्षणको केन्द्र रहेकोले यसलाई सबैले सहयोग गर्नु स्वाभाविक हो । तर त्यो सहयोगलाई माग्ने संस्कार बनाएर बाँच्ने भिखारी मानसिकता हो । यो मानसिकताले कहिल्यै पनि न देशलाई समृद्ध हुन दिन्छ न राष्ट्रिय स्वाभिमानलाई । नेपालमा राजतन्त्रदेखि प्रजातन्त्रसम्मको यात्रासम्म अन्तर्राष्ट्रिय सहयोग पाएर देश बाँचेको त छ तर बिल्कुल पराश्रित भएर । ५५ वर्षको अवधिमा धेरै अर्थविद्हरु जन्मे, तर देशको उत्पादनशीलतामा किञ्चित परिवर्तन भएन । देश माग्ने अवस्थाबाट बाहिर निस्कन सकेन । देश उन्नति र प्रगतिको पथमा अग्रसर किन हुन सकेन भन्ने कुरा अर्थविद्हरूको चासोको विषय कहिल्यै बनेन ।

देशलाई यथास्थितिमा राखेर सहयोग जुटाउने संस्कारको विकासले उन्नति, प्रगतिको ढोका नै बन्द गरिदिएको छ । प्रजातान्त्रिक सरकारले पनि देशलाई यथास्थितिको दलदलबाट निकाल्न नसकि आफूलाई नै रूपान्तरण गरि यथास्थितिमा पुगेका छन् । उन्नति, प्रगति, विकास र समृद्धिको जतिसुकै कुरा गरेपनि देश झन् झन् पराश्रित हुँदै गई रहेको सरकारी तथ्याँकले नै देखाएको छ । देशको यावत् समस्यालाई हटाएर शान्ति स्थापनापछि मात्र राष्ट्र निर्माणको सामूहिक दायित्व शुरु हुन्छ । देशले आन्दोलन भोगि रहेको बेला प्रधानमन्त्रीले अब देश समृद्धिको बाटोमा अग्रसर भएको भन्ने बचकाना अभिव्यक्ति दिई रहेको कुरा उनको सामन्ती सोचबाहेक अरु के हुन सक्दछ ?

यही माग्ने प्रक्रियाको निरन्तरता स्वरूप प्रधानमन्त्रीको चीन भ्रमणबाट अर्थविद्हरु धेरै आशावादी बनेका छन् । भारतको विकल्पमा चीनसंग अपेक्षित सम्झौता गरेर आउने अर्थविद्हरूको सल्लाह र सुझाव लिएर चिन पुगेका प्रधानमन्त्रीले पाउन न शोकेसका मिठाई जस्तै पाए तर भारतसँगको सम्बन्ध झनै बिग्रिने अवस्थामा पुगेको छ । चीनसँग के लिनेभन्दा चीनले के दिने भन्ने बिषय महत्वपूर्ण हो । भारतको विकल्प चीन हुनै नसक्ने सर्वमान्य कुरालाई नकार्न मिल्दैन ।

नेपालले अनावश्यक रूपमा बिगारि रहेको भारतसँगको सम्बन्ध र त्यसको विकल्पमा चीनलाई भारतसँगको विवादमा तानि रहेको अवस्था निश्चयपनि चीनको लागि प्रिय हुन सक्दैन । एउटासंग मिलेर अरूलाई चुनौती दिने नेपाली राज्यसत्ताको परम्परागत सोचका कारण देश पटक पटक आहत भएको छ । आफनो स्वार्थका कारण देशलाई क्षति पुऱ्याउने यो कुन खाले राष्ट्रियता हो ? यही सरकारको पालामा आन्दोलनको नाम लिएर चीन र भारतको झण्डा जलाउने काम भएको हो ।

मधेश आन्दोलनले देखाएको समस्यालाई नजर अन्दाज गर्दै सरकारले मित्रशक्तिलाई काखा पाखा गर्दै आफनो पक्षमा राजनीतिक समर्थन जुटाउने प्रयासमा चीनलाई अनुकूल पर्छ कि पर्दैन यो कुरा पनि त्यतिकै महत्वपूर्ण छ । नेपाल पनि चीनप्रति आशावान बन्नुको पछाडि नेपालमा चीनको "दुई कदम अगाडी र एक कदम पछाडि" नीति हो । नेपालको राजनीतिमा भारतको दखललाई न्यून गर्न यसपाली चीनले सबै दलहरूलाई संघीयताविरूद्धमा आफूतिर तान्न सफल रहेको देखिएको छ । नेपालको शासकहरूसंग चीनको अन्तरंग सम्बन्ध बन्नुको पछाडि चीनको संघीयता विरोधी नीति नै हो । शासकलाई कब्जामा लिई मनोनुकूल संविधान घोषणा गराउनु, यही थियो चीनको दुई कदम अगाडि जाने नीति । त्यसपछिका दिनमा अभावग्रस्त अवस्थामा पनि पहिलो खेपमा पेट्रोलियम पदार्थको सहयोगबाहेक पुनश्च केही दिन नसक्नु एक कदम पछाडिको नीति हो ।

यसरी नेपाल र भारत दुबैलाई खुशी राख्न चीनले खेलेको भूमिका कति कूटनीतिक तवरले खेल्यो नेपाल सरकारले बुझ्नु पर्ने हो । नेपालले चीनलाई प्रत्यक्ष रूपमा मैदानमा उतार्न खोजी रहेको छ । त्यो भने किमार्थ सम्भव नहुने स्पष्ट छ । चीनको "दुई कदम अगाडि र एक कदम पछाडि" नीतिलाई चीनले अग्रगामी कदम नै मानेको छ । विगतमा चीनले नेपालमा खेलेको यो नीति अन्तर्गतका खेलहरूका कारण नेपाललाई भारतको खेमाबाट अलग्याएको कुरा मान्नै पर्दछ । चीनलाई विश्वास गरेर नेपालले भारतसंगको सम्बन्धलाई तत्काल हटाउन नै खोजेको हो ।

संघीयताको विरोधमा चीनले नेपालको सरकारलाई बढावा दिंदै जुन किसिमको द्वन्द्व सृजना गरि दिएको छ, यसले नेपाल भारत र चीन कसैलाई सन्तुलित अवस्थामा रह्न दिंदैन । नेपाल असन्तुलित भयो भने भारत चीन पनि असन्तुलित हुन्छन् । पक्ष विपक्षको भूमिकामा जाँदा सम्बन्धको धागो चुँडिने डर पनि रहि रहन्छ । विशालकाय हात्ती जस्तो जनावरको हिंडाई पनि सन्तुलित र स्थिर रहन्छ । त्यस्तै चीनले पनि नेपालको सन्दर्भमा कुटनीतिक सम्बन्धको दायरामा रहेर दक्षिण एशियामा दुई महाशक्ति देशको सन्तुलित सम्बन्धलाई बरकरार राख्नु पर्दछ । होईन भने पाकिस्तान जस्तै एक्लिने अवस्था पनि नआउने होईन ।

चीनको जनसंख्या र विकासको गतिलाई हेर्दा चीनको प्रगति एशियामा मात्र होईन, संसारमा पनि मान्य अवस्थामा रहेको छ । समृद्धिको उन्मादमा असन्तुलित व्यापारिक कदम पनि राजनीति हस्तक्षेप हुन जान्छ । जसरी संविधान सभाका बेला देखियो । चीनले दिएको निर्देशनात्मक सुझाव तीनै शीर्ष दलहरूका लागि आन्तरिक मामिलामा हस्तक्षेप मानिएन, तर भारतको सुझावलाई तीनै दलले आन्तरिक मामिलामा हस्तक्षेप नै माने । चीनको कुरालाई अक्षरशः मान्ने नेपालका तीनै दल चीनको संघीयता विरोधी नीति नै थियो ।

मधेश आन्दोलनलाई भारतसंग जोडेर हेर्ने ओली सरकारको दृष्टिकोणले नै नेपालमा विद्यमान समस्याको निराकरण हुन सकि रहेको छैन । मधेशले गरेको नाकाबन्दीलाई भारतले गरेको भनेर अन्तर्राष्ट्रिय स्तरमा प्रचार गरि आफ्नो पक्षमा समर्थन जुटाउने नेपालको प्रयास विफल भएदेखि नेपाल अरु बढि चिढिएको देखियो । संविधान सभाले मधेशको अधिकार सुनिश्चित गर्ने प्रतिबद्धताको विपरित आफनो मनोकाँक्षा अनुरूप संविधान घोषणा गर्न सफल भएकोले उन्मादित छ । यसकार्यमा चीनले सघाएको हुँदा चीनप्रति यो सरकार कृतज्ञ हुनु स्वाभाविकै हो ।

भारतको विरूद्ध चीनतिर वैकल्पिक मार्ग खोल्ने प्रयास ३ दशकदेखि नेपालले गर्दै आएको छ । राजा वीरेन्द्र, ज्ञानेन्द्र र हाल प्रधानमन्त्री केपी शर्मा ओली उत्तरी नाका खोलाउन चीन भ्रमणमा छन् । चीनले आफनो सुरक्षा व्यवस्थाका कारण दक्षिणी नाका खोल्न चाहँदैन । अवैध घुसपैठका कारण तिब्बतको समस्या झन् जटिल बन्ने आशंकाले चीनले दक्षिणी द्वार खोल्न नचाहेको हो । व्यापारिक महत्वका तातोपानी नाका भूकम्पको बेला अवरुद्ध भएदेखि अहिलेसम्म सुचारु हुन नसक्नु त्यही श्रृँखलाको प्रमाण हो । चीन सरकारका प्रतिनिधीहरु नेपाल भ्रमणमा देखाएको आश्वासन एउटा हो भने नेपाललाई कुन किसिमको सहयोग गर्ने उसको रणनीति अनुसार नै हुने कुरा देखिएको छ ।

बेला बेलामा सिर उठाउने नेपालका कट्टर अन्धराष्ट्रवादी प्रवृति जसरी भारतसंग सम्बन्ध बनाउन चाहँदैन त्यसरी नै मधेशले पनि आफनो नोक्सान हुने गरि नेपालको चीनसंग हुने सम्बन्धको विरोध गर्छ । मधेश र भारतलाई चिढाएर चीनसंग नेपालले बनाउने सम्बन्ध कसैको लागि रूचिकर नहुने कुरा प्रष्ट छ । प्रधानमन्त्रीको चीन भ्रमणको पूर्व संध्यामा मधेशी मोर्चाले चीनिया राजदूतलाई दिएको ज्ञापन पत्रमा अनावश्यक रूपले टिप्पणी गर्नु चीनको यो सरकारप्रति गहिरो सम्बन्ध रहेको स्पष्ट गर्दछ । तर नेपालमा अस्थिरता आउने गरि चीनले पनि त्यस्तो सम्बन्ध विस्तार नगर्ला भन्ने अपेक्षा सबैले राखेको छ । यसैमा चीनको पनि भलो हुने कुरा स्पष्ट छ ।

आफनो कुकृत्यको बोझ लिएर पतनोन्मुख यो सरकार प्रतिक्रियात्मक व्यवहारका कारण अलोकप्रिय बन्दै गएको छ । यो ढालिनेभन्दा पनि आफै ढल्ने अवस्थामा गएकोले यसको अब धेरै आश कसैले नगरून् । यो सरकारको निरंकूश व्यवहारले मधेशी, थारु, जनजातीलगायत तमाम सीमान्तीकृत समुदाय आन्दोलनमा उत्रेका छन् र यो सरकार यी समुदायलाई पन्छाएर संविधान घोषणा गरेको विजयोन्मादमा बेराग, बेसुरा गीत गाउँदै हिंडेको छ । यसबाट चीन पनि बेखवर छैन । ठूलो देशको हैसियतले चीनको पनि यो क्षेत्रमा मानवाधिकारको रक्षा, अमन, शान्ति ल्याउन ठूलो दायित्व रहेकोले सोही बमोजिमको भूमिका निर्वाह गरोस् यही सबैले अपेक्षा गरेका छन् ।

***(मधेश दर्पण फिचर सेवा)***

vnsb

## मनाङ फाइनलमा

**कास्की ।** मनाङ मर्स्याङ्दी क्लब पाँचौं मनकामना केबुलकार पोखरा कप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । मनाङले बुधबार एपिएफ क्लबलाई ५-० को फराकिलो अन्तरले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो । मनाङले अब उपाधिका लागि बिहीबार हुने नेपाली सेना र धरान-११ बीचको विजेताविरूद्ध शनिबार प्रतिस्पर्धा गर्नेछ । मनाङको जितमा अफ्रिकन खेलाडी ओलावालेले ह्याट्रिक गरेका थिए ।

मनाङलाई फाइनल पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका ओलावालेले दोस्रो हाफमा ह्याट्रिक पूरा गरेका थिए । प्रतियोगितामा अहिलेसम्म दुई मात्र ह्याट्रिक भएको छ । एपिएफका रञ्जन विष्टले उद्घाटन खेलमै सिमरा-११ विरूद्ध ह्याट्रिक गरेका थिए । खेलको ४०औं मिनेटमा ओलावालेले विशाल राईको क्रसमा व्यक्तिगत पहिलो गोल गरे । खेलको ४६औं मिनेटमा ओलावालेले व्यक्तिगत दोस्रो गोल गरेका थिए । हेमन तामाङले निकालेको पासमा उनले सहजै गोल गरे । खेलको ५०औं मिनेटमा उनले आफ्नो ह्याट्रिक पूरा गरे । एपिएफका गोलरक्षक अमृत चौधरीबाट रिबाउन्स भएको बललाई उनले सहजै गोल गरे । उनको ह्याट्रिकसँगै एपिएफले दोस्रो हाफमा ४-० को अग्रता लिएको थियो ।

आक्रामक रूपमा प्रस्तुत भएको मनाङले खेलको ३२औं मिनेटमा अग्रता लियो । कप्तान अनिल गुरूङले मनाङलाई सुरूवाती अग्रता दिलाएका हुन् । एपिएफका गोलरक्षक चौधरीले बललाई राम्ररी ग्रिपमा लिन नसकेको फाइदा उठाउँदै अनिलले १-० का लागि गोल गरे । यसअघि ओलावालेले प्रहार गरेको बललाई चौधरीले समात्न सकेनन् । एपिएफले पहिलो हाफमा सामान्य मुभ मात्र सृजना गऱ्यो । बढीजसो समय एपिएफमाथि मनाङले दबाबमा राखेको थियो । खेलको ७६औं मिनेटमा सुजल श्रेष्ठले दिएको ब्याक पासमा रवि पासवानले मनाङका लागि पाँचौं गोल ठोके ।

## किन चुक्दै छ बार्सिलोना ?

बार्सिलोना । १६ मार्चमा लुइस सुआरेज, नेमार र लियोनल मेसीले गोल गरेपछि स्पेनिस जाइन्ट बार्सिलोनाले इंग्लिस क्लब आर्सनलमाथि च्याम्पियन्स लिगअन्तर्गत क्वार्टरफाइनलको दोस्रो लेगमा ३-१ को जित हात पाऱ्यो थियो । बार्सिलोना समग्रमा ५-१ को जित निकाल्दै अन्तिमा चार पुग्यो । आर्सनलसँग जित हात पारेपछि बार्सिलोना लगातार ३८ खेलमा अपराजित रह्यो । ला लिगामा उपाधि होडमा रहेका एट्लेटिको म्याड्रिड र रियल म्याड्रिडसँग ९ अंकको अग्रता लिएको बार्सिलोना कोपा डेल रेको पनि फाइनलमा पुगिसकेको थियो ।

अप्रिलको सुरूवातदेखि बार्सिलोनाको खराब दिन सुरू भयो । युरोपियन च्याम्पियन्स लिगमा सेमिफाइनलबाटै बाहिरिएको बार्सिलोनाको लगातार दुई उपाधि जित्ने सपना चकनाचुर भयो । लगत्तै बार्सिलोना ला लिगामा लगातार तीन खेलमा पराजित भयो । पछिल्लो खेलमा भ्यालेन्सियासँग २-१ ले पराजित भयो ।

बार्सिलोना पछिल्लो १३ वर्षमा पहिलोपटक लगातार तीन खेलमा पराजित भयो । यस्तै, ला लिगाको पछिल्ला चार खेलमा जित हात पार्न सकेको छैन । पछिल्ला ६ खेलमा बार्सिलोनाले एक खेलमा मात्र जित




पारेको छ । भ्यालेन्सियासँग पराजित हुनुअघि बार्सिलोना रियल सोसिडाडसँग १-० ले पराजित भएको थियो । त्यसअघि रियल म्याड्रिडसँग २-१ ले हारेको बार्सिलोनाले भिल्लारियलसँग २-२ को बराबरी खेलेको थियो ।

पछिल्लो १८ महिना बार्सिलोनाको उत्कृष्ट लयमा मेसी, सुआरेज र नेमारको महत्वपूर्ण भूमिका थियो । अघिल्लो सिजनमा तीनजना मिलेर एक सय २२ गोल गरेका थिए । तीनै खेलाडीको लयमा बार्सिलोनाले अपराजित खेल संख्या लगातार लम्ब्याएको थियो । मार्च महिनाका पाँच खेलमा मात्र तीन खेलाडीले १३ गोल गरेका थिए । त्यसमध्ये मेसीले सात गोल गर्दा नेमारले चार र सुआरेजले दुई गोल गरे । तर, पछिल्ला पाँच खेलमा भने तीन खेलाडीले कुल तीन गोल मात्र गरेका छन् । जसमा सुआरेजले दुई गोल गरेका छन् भने मेसी एक गोल गर्न सफल भएका छन् । नेमार पछिल्ला पाँच खेलमा गोल गर्न चुक्दै आएका छन् ।

/Elg va/

## मोक्षदाको मञ्जरीमा चौतारी नाटक

यदि तपाईं कुनै नाटक हेर्न रंगमञ्चमा जानुभयो र त्यहाँ तपाईंको आफ्नै कथाव्यथालाई कलाकारले नाटकका रूपमा मञ्चन गरिदिए भने तपाईंलाई कस्तो अनुभव होला ? झन्डै एक वर्षदेखि नेपालका गाउँघर र सहरबजारमा चौतारी नाटक मञ्चन गरिरहेको नेपाल चौतारी नाटक समूहले यसैगरी दर्शकका कथाव्यथालाई नाटकका रूपमा मञ्चन गर्दै आएको छ । जसमा तपाईं आफू पनि सहभागी भएर आफ्ना कथाव्यथा र अनुभूतिहरु सुनाउँदै आफू पनि सोही अनुभवमा आधारित नाटकको दर्शक बन्न पाउनुहुन्छ ।

चौतारी नाटक मञ्चनका लागि कलाकारले संवाद कण्ठस्थ गर्दैनन् । कथाअनुसार पूर्वाभ्यास पनि गर्दैनन् । केवल दर्शकले मञ्चमा बसेर सुनाएका कथाव्यथालाई ध्यान दिएर सुन्छन् र त्यसैलाई तत्काल विनाकुनै



सरसल्लाह, विनाकुनै पूर्वाभ्यास मञ्चमा प्रस्तुत गर्छन् । यस शैलीको नाटकमा एकजना सूत्रधार हुन्छन् । जसले दर्शकसित संवाद गर्छन् । दर्शकका जीवनका कथाव्यथा खोतल्छन् । मञ्च र दर्शकबीचको तार जोड्ने काम गर्छन् । जब दर्शक आफ्नो जीवनका सुख-दुःखका भोगाइलाई मञ्चमा गएर सुनाउन तयार हुन्छन्, तब सूत्रधारले ती कथाव्यथा र जीवन भोगाइअनुसार विभिन्न शैलीमा नाटक मञ्चन गर्न मञ्चमै कथा सुनेर बसिरहेका कलाकारलाई अनुरोध गर्छन् । अनि सुरू हुन्छ, भर्खरै दर्शकले सुनाएको कथाव्यथाभित्रको नाटक ।

चौतारी नाटकमा दर्शकले आफ्नो मनभित्र गुम्सिएका कथाव्यथा सबैसामु पोख्न पाउँछन् । विशेष गरी आफ्नो मनको बह कसैसित पोख्ने मौका नपाएका व्यक्तिले यस्तो शैलीको नाटकमा आफूलाई पोख्ने उपयुक्त मञ्च पाउँछन् । कलाकारले तिनै दर्शकका अनुभूति, सुस्केरा, जीवन भोगाइ र सुख-दुःखका कथाव्यथालाई अभिनयमार्फत दर्शकसामु तत्काल मञ्चन गरिदिन्छन् ।

नयाँ वर्ष ०७३ को पहिलो साँझ काठमाडौंको कुमारीगालमा रहेको मोक्षदा स्कुलको मञ्जरी नाटक घरमा पनि यस्तै शैलीको चौतारी नाटक मञ्चन हुँदै थियो । स्कुलका तर्फबाट दर्शकलाई स्वागत गरिसकेपछि मञ्चमा प्रवेश गरेका सूत्रधार सुरेश चन्द, कलाकारहरु पशुपति राई, सिर्जना अधिकारी, गुञ्जन दीक्षित, राजन खतिवडा, सरस्वती चौधरी र आकांक्षा कार्कीले सुमधुर संगीतको धुनसँगै एकपछि अर्को गर्दै दर्शकका कथाव्यथामा विभिन्न शैलीका नाटक प्रस्तुत गरे । दर्शकमध्ये कसैले एकपटक फेरि गत वर्षको १२ वैशाखको भूकम्पलाई सम्भिए । भूकम्पलाई सम्भिँदै गर्दा दर्शकको मनमा भूकम्पको त्रासदी अभै बाँकी रहेको अनुभूति हुन्थ्यो । कसैले नाकाबन्दीको समयमा ग्यास नपाउँदाको पीडा पोखे । ग्यास नपाउँदा दाउरा बालेर खाना पकाउँदाको सास्ती र आफन्तले बल्लतल्ल मिलाइदिएको आधा सिलिन्डर ग्यास पाउँदाको खुसीलाई कलाकारले एकसाथ कलात्मक ढंगमा समायोजन गरेर देखाइदिए । कथा सुनाउने क्रममा कसैले आफ्नो बाल्यकालका स्मृतिहरु बाँडे भने कसैले बाबुआमाबीच झगडा भएर बाबुआमा अलग्गिँदा आफ्नो कलिलो मस्तिष्कमा परेको पीडा पोखे । पालैपालो दर्शकका कथाव्यथा सुनिरहेका कलाकारले तत्काल तिनै कथामा अभिनय प्रस्तुत गर्दा दर्शकहरु कहिले पेट मिची-मिची हाँसिरहेका थिए भने कहिले भावुक भएर सुँकसुँकाइरहेका देखिन्थे ।

मोक्षदा स्कुलको मञ्जरी नाटक घर उद्घाटनका क्रममा मञ्चन गरिएको यस नाटकसँगै स्कुलका तर्फबाट प्रत्येक महिनाको १ गते नेपाल चौतारी नाटक समूहका कलाकारद्वारा चौतारी नाटक मञ्चन गरिने र स्कुलका बालबालिकाले चाहिँ प्रत्येक साता नाटक प्रस्तुत गर्ने स्कुलका नाटक क्लबका निर्देशक सुरेश चन्दले बताए ।

## दुई साहित्यकार सम्मानित

बबरसिंह थापा सेवा गुठी विराटनगरबाट कवि दुर्गालाल श्रेष्ठ र साहित्यकार लक्ष्मी उप्रेती सम्मानित भएका छन् ।

कार्यक्रममा ५१ हजार नगद राशिको साहित्यकार देवकुमारी थापा स्मृति पुरस्कारबाट कवि श्रेष्ठ र २५ हजार रूपैयाँ राशिको बबरसिंह थापा स्मृति सम्मानबाट साहित्यकार लक्ष्मी उप्रेती सम्मानित भएका हुन् ।

श्रेष्ठ र उप्रेतीलाई पूर्वमन्त्री एवं राजनीतिक विश्लेषक राधाप्रसाद घिमिरे र गुठीका अध्यक्ष कविराज न्यौपानेले संयुक्त रूपमा नगद राशि र सम्मानपत्र प्रदान गरेर सम्मान गरेका हुन् । कार्यक्रममा साहित्यकार दधिराज सुवेदी, बुद्धिजीवी दिनेश श्रेष्ठ, पत्रकार अनन्तराज न्यौपानेलगायतले शुभकामना व्यक्त गरेका थिए ।

०६१ सालमा स्थापित गुठीले हरेक वर्ष साहित्य, समाजसेवा, शिक्षा, संस्कृतिलगायत क्षेत्रमा योगदान पु-याउने व्यक्तित्वलाई सम्मान गर्दै आएको छ ।

## चर्चामा जयन्तेको हाँसो

पाँच वर्षअघि हास्य टेलिशृंखला सिस्नुपानी झ्याम्मैमा 'पासिङ' रोल गरेर काँचको पर्दामा 'इन्ट्री' मारेका सिन्धुलीका गोविन्द कोइराला टेलिभिजन दर्शकमाझ 'जयन्ते'को उपनामले लोकप्रिय हुँदै गइरहेका छन् ।

उनलाई गोविन्दबाट भतुवा लागेको भतिज 'जयन्ते डाम्नो' बनाएको हो, हास्य टेलिशृंखला भद्रगोलले । भद्रगोलमा उनी पाँडे बुढो (अर्जुन घिमिरे)का भतिज छन् । हरेक कुरामा काका भन्दै हा-हा-हा गरेर लामो हाँसो हाँस्छन् र झापड खान्छन् । कलाकारिताप्रति रूचि भए पनि कसरी लाग्ने भन्ने कुनै मेसो नपाइरहेका वेलामा उनको भेट भएछ, अर्जुन घिमिरे (पाँडे बुढो) सँग । अर्जुनसँगको चिनजानले उनले सिस्नुपानी झ्याम्मैको १० देखि १८औं भागसम्म पछाडि उभिने, आयो-आयो भन्दै भाग्नेजस्ता 'पासिङ रोल' गर्ने मौका पाए । भीडभाडमा उभिने रोलमा पनि इमानदारीका साथ निरन्तरता दिएकाले आफूले थप अवसर पाएको उनी बताउँछन् ।

भद्रगोलको चौथो भागमा उनले पाँडे काकाकोमा



भतुवा लाग्न आएको भतिजको भूमिका पाए । पहिला त्यो पात्रको नाम भतिज मात्रै थियो । सुटिङका क्रममा क्यामेराम्यान गोकुल अधिकारीले गोविन्दलाई आफ्नो गाउँको जयन्तेभैँ लाग्ने बताए । त्यसपछि तुरुन्तै आफ्नो नाम जयन्ते राखिएको उनी बताउँछन् । सिरियलको एउटा हाँस्नुपर्ने दृश्यमा आफू हाँसेको निर्देशकदेखि लिएर दर्शकले पनि मन पराएकाले त्यही हाँसोलाई नै निरन्तरता दिएको उनी बताउँछन् ।

'मान्छेहरूले मलाई जयन्ते भनेरै चिन्ने, बोलाउने गर्छन्,' उनी भन्छन्, 'रहरै-रहरमा कलाकारितामा लागेको थिएँ । तर, अब त पेसा नै भइसक्यो ।' स्टेज सो, महोत्सवहरूमा जाँदा दर्शकले आफूलाई हाँस्न लगाउने गरेका क्षणहरु स्मरणीय मान्ने गोविन्द कलाकारितामै आफ्नो भाग्य चम्काउने दाउमा छन् । केही म्युजिक भिडियो र सर्ट मुभीमा पनि अभिनय गरेका उनले अहिलेसम्म ठूलो पर्दाका 'पुनर्जन्म' र 'लालजोडी' फिल्ममा अभिनय गरेका छन् । भदौ १७ गते प्रदर्शन हुने लालजोडीबाट आफू निकै आशावादी रहेको उनी बताउँछन् ।

## खरेलको चौथो फिल्म बल्ल रिलिज हुँदै

माधव खरेलले अहिलेसम्म चारवटा फिल्म निर्देशन गरिसकेका छन् । 'ढुंगे युग', 'ढुंगे युग- दी साइलेन्स एरा', 'देव-देवकी' र 'बिरानो माया' । फिल्म, डकुमेन्ट्री, म्युजिक भिडियो निर्माण, सम्पादन र निर्देशनमा मात्र होइन, अभिनयमा पनि उनको दख्खल छ । उनी प्रमुख खलअभिनयमा प्रस्तुत भएको पछिल्लो प्रदर्शित फिल्म 'फूलैफूलको मौसम तिमीलाई' असफल भयो ।

उनले निर्देशन गरेको चौथो फिल्म 'बिरानो माया' भने दर्शकले हेर्न पाउने भएका छन् । माधवले हालै प्रेसमिट गरी बिरानो माया ३१ वैशाखमा देशभर एकसाथ प्रदर्शन हुने जानकारी दिएका छन् । 'बिरानो मायाको रिलिजपछि देव-देवकी दर्शकमाझ ल्याउँछु,' उनी भन्छन्, 'दर्शकलाई देखाउनका लागि फिल्म बनाएको हुँ । त्यसैले ढिलो-चाँडो रिलिज गरिन्छ ।'

skt/6

## भारतमा ग्लोबल आइएमईको सम्पर्क कार्यालय



ग्लोबल आइएमई बैंकले भारतमा सम्पर्क तथा प्रतिनिधि कार्यालय खोलेको छ । बैंकले यसअघि अस्ट्रेलियामा सम्पर्क कार्यालय खोलिसकेको छ । भारतको नयाँदिल्लीमा खोलिएको सम्पर्क कार्यालयको राष्ट्र बैंकका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल तथा भारतीय रिजर्व बैंकका जनरल म्यानेजर केबी पण्डितले संयुक्त रूपमा उद्घाटन गरेको बैंकले जनाएको छ ।

कार्यक्रममा ग्लोबल आइएमई बैंक अध्यक्ष चन्द्रप्रसाद ढकालले सम्पर्क कार्यालयमार्फत भारत र नेपालबीचमा आयात-निर्यात व्यापार तथा रेमिट्यान्स र वैदेशिक लगानी प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । सम्पर्क कार्यालय स्थापनापछि भारतमा कार्यरत नेपालीलाई नेपालमा रेमिट्यान्समार्फत कारोबार गर्न सहज हुने उनको भनाइ छ । ढकालले भारतको नयाँदिल्लीमा खोलिएको सम्पर्क कार्यालयबाट नेपालको आर्थिक विकासमा सहयोग पुग्ने बताए ।

नेपालबाट भारतमा स्वास्थोपचारका लागि हुने भुक्तानीमा हुँदै आएको विद्यमान असहज अवस्था समाधानका लागि पनि बैंकले आवश्यक पहल सुरु गरिसकेको ढकालले जानकारी दिए । बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवालीले नेपालको अन्तर्राष्ट्रिय व्यापारको प्रमुख व्यापारिक साझेदार भारत रहेकाले सम्पर्क कार्यालय स्थापनापछि आयात-निर्यात व्यापार प्रवर्द्धनमा सहयोग पुग्ने बताए ।

रोजगारी सिलसिलामा भारतमा रहेका उल्लेख्य नेपालीले औपचारिक माध्यमबाट विप्रेषण आप्रवाह बढाउन सम्पर्क कार्यालयले सहजकर्ताको भूमिका बहन गर्ने उनको भनाइ छ । बैंकले नयाँदिल्लीमा सम्पर्क कार्यालय खोलिएपछि भारतका उद्यमी, व्यवसायीलाई नेपालमा लगानी गर्न सहज हुने जनाएको छ ।

## सिटिजन्स बैंकले हकप्रद सेयर जारी गर्ने

सिटिजन्स बैंक इन्टरनेसनलले वैशाखभित्रै हकप्रद सेयर निष्कासन गर्ने भएको छ । बैंकको पुँजी वृद्धिका लागि वैशाखभित्र ५५ प्रतिशत हकप्रद सेयर जारी गरिने बैंक अध्यक्ष शंकरप्रसाद शर्माले जानकारी दिए ।

बैंक स्थापनाको १०औं वर्ष प्रवेश अवसरमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष शर्माले प्रिमियर फाइनान्स प्राप्ति गर्न राष्ट्र बैंकको अन्तिम स्वीकृति पर्खिरहेको बताए । बैंकले नेपाल हाउसिङ एन्ड मर्चेन्ट फाइनान्स र पिपल्स फाइनान्सलाई गत वर्ष नै प्राप्ति ( एक्विजिसन) गरी एकीकृत कारोबार थालेको थियो ।

बैंकले चालू आर्थिक वर्ष ०७२/७३ को पहिलो ९ महिनामा ७२ करोड ४७ लाख रूपैयाँ खुद मुनाफा आर्जन गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा ५८.३० प्रतिशत बढी हो । बैंकले गत चैत मसान्तसम्म ४४ अर्ब ३७ करोड निक्षेप संकलन गरी ३७ अर्ब ८७ करोड कर्जा प्रवाह गरेको बताएको छ । बैंकले साना तथा मझौला कर्जा, द्रुत कर्जा र एक क्षेत्र एक उत्पादनजस्ता स्किममा कर्जा विस्तार गरिरहेको बताएको छ ।

बैंकले चालू आर्थिक वर्षभित्रै क्रेडिटकार्ड सेवा परीक्षण गरिने जनाएको छ । बैंकको हालसम्म ८९ शाखारहित बैंकिङ सेवाबाट मात्रै १ लाख १३ हजारले बैंकिङ सुविधा लिइरहेका छन् ।

## एभरेष्टको रेमिट्यान्स सेवा विस्तार

एभरेष्ट बैंक लिमिटेडले इन्डो नेपाल रेमिट्यान्स सेवामा नयाँ प्रविधिको थालनी गर्ने भएको छ । अब भारतबाट पैसा पठाउन इच्छुक ग्राहकले घरमै बसी-बसी मोबाइल/इन्टरनेट बैंकिङ सुविधा प्रयोग गर्ने सुविधा पाउने बैंकले जनाएको छ ।

पन्जाब नेसनल बैंकका शाखा तथा सो बैंकका प्रतिनिधिकहाँ नगई सीधै मोबाइल/इन्टरनेट बैंकिङ सुविधामार्फत नेपालमा रेमिट्यान्स पठाउन सक्ने एभरेष्ट बैंकले जनाएको छ । मोबाइल/इन्टरनेट बैंकिङ सुविधामार्फत इन्डो नेपाल रेमिट्यान्स भित्र्याउने पहिलो बैंक आफू भएको एभरेष्टले दाबी गरेको छ । यस्तो सजिलो तथा सुलभ रेमिट्यान्स पठाउने माध्यमबाट धेरैभन्दा धेरै ग्राहकले फाइदा लिने विश्वास लिएको विज्ञप्तिमार्फत बैंकले जनाएको छ ।

एभरेष्ट बैंकले एसियन पेन्ट्स न्युबिज बेस्ट म्यानेज्ड कमर्सियल बैंक अवार्ड २०१३ पाएको छ । यस्तै, आव ०६८/०६९मा वाणिज्य बैंकमध्येमा सर्वाधिक करदाताको सम्मानसमेत प्राप्त गरेको बैंकले जनाएको छ । पन्जाब नेसनल बैंक एभरेष्ट बैंकको संयुक्त लगानीकर्ता साझेदार रहेको भारतको राष्ट्रिय बैंक हो । पन्जाब नेसनलका ६ हजार ६ सय ३५ शाखा र ८ हजार व्यावसायिक प्रतिनिधि भारतमा छरिएर रहेको एभरेष्ट बैंकले जनाएको छ ।

## ठग र...

समाजका विभिन्न क्षेत्रमा रहेका ख्यातिप्राप्त व्यक्तिहरू सहभागी भएको दाबी गर्दै आफू संयोजक रहेको नयाँ शक्तिले जनतामा आशा एवं भरोसा जगाएको समेत बताएका थिए । मधेसवादी दलहरूले प्रमुखताका साथ उठाएको सीमांकन सम्बन्धी मुद्दा जायज भएको उल्लेख गर्दै पहिलो संविधानसभाका विभिन्न समिति तथा राज्य पुनर्संरचना आयोगले गरेको सिफारिस अनुसार सिमांकन हुनुपर्ने माग समेत गरेका छन् ।

मधेसीको माग राष्ट्रिय माग भएको उल्लेख गर्दै उनले यसका लागि मधेसमा मात्र होइन पुरै मुलुकमा राष्ट्रिय आन्दोलन हुनुपर्ने जिकिर समेत गरेका छन् । आन्दोलनलाई परिणाममुखी बनाउन मधेसवादी दलका नेताहरूले संसदबाट राजिनामा गरेर जनताकाबीचमा आउन मधेसवादी दलका नेताहरूलाई आग्रह समेत गरेका थिए । पाँच महिना लामो आन्दोलनको स्वर राज्यले नसुनेको आरोप लगाउँदै मधेसीहरूको दुःखसँग सरकारको कुनै सरोकार देखिएन । त्यसैले मधेसवादी दलका नेताहरूले संसदबाट राजिनामा दिएर जनताकाबीचमा आउनुपर्छ ।

त्यसैगरी संयोजक भट्टराईले सिराहमा बोल्दै सिंहदरबार नाकाबन्दी गरेपछि मात्र मधेस अधिकार सम्पन्न हुने उद्घोष गर्दै सीमा नाकाबन्दी गर्दा मधेसी जनता नै पीडित भएकाले अब सिंहदरबार नाकाबन्दी गर्न मधेसी दलहरूलाई आग्रह गर्दै अब मधेस केन्द्रित आन्दोलन होइन, काठमाडौं केन्द्रित आन्दोलन गरेमात्र संविधन संशोधन गरेर मधेसी, आदिबासी, जनजाति, थारु, दलित, महिला अधिकार सम्पन्न हुने बताएका छन् । अबको आन्दोलनमा सत्ता बाहिर रहेका सबैलाई सहभागी गराउनु पर्ने उद्घोष गर्दै सिंहदरबार नाकाबन्दी गरे नयाँ शक्तिले पूर्ण साथ दिने प्रतिबद्धता समेत जनाएका छन् । स्मरणरहोस् डा.भट्टराई सभापति रहेको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले संविधानको मस्यौदा निर्माण गरेको थियो । अहिले तिनै भट्टराई संविधानको धज्जी उडाउँदै जनतालाई आन्दोलन गर्न भड्काइ रहेका छन् । एमाओवादीमा रहँदा प्रधानमन्त्री बन्न सफल भएका भट्टराई अहिले पनि पूर्वप्रधानमन्त्रीको सुविधा लिएर जनतालाई भड्काउन थालेका हुनाले राज्यले दिएको सुविधा फिर्ता लिनुपर्ने माग समेत उठ्न थालेको छ ।

## ओलीको...

कार्यान्वयन हुनसक्छ ?

मधेसी मोर्चा, जनजातिसहितको संघीय गठबन्धनले अब सिंहदरबार घेर्ने आन्दोलन गर्ने बताएको छ । राजेन्द्र महतोले अब सिंहदरवार हानिन्छ भन्ने उद्घोष गरिसके । उपेन्द्र यादवले मधेसी, लिम्बु, शेर्पा, खस सबै मिलेर देशव्यापी आन्दोलनको बिगुल फुकिन्छ, अब आन्दोलनको आँधी आउँछ । यादवले यति नै बेला प्रश्न गरेका छन्-अहिले नाकावन्दी छैन, पर्याप्त ग्यास पेट्रोल आइरहेको छ । किन हाहाकार छ त ? कहाँ गएका छन् ती ग्यास र पेट्रोल ?

मधेसी मोर्चाले निकै लामो आन्दोलन गरेका छन् । अब मधेसी मोर्चा गर कि मरको दोसाँधमा उभ्याइएका छन् । ओली सरकार भारतकै कारण मधेसी मोर्चाको आन्दोलन तुहिएको र आन्दोलन गर्ने नसक्ने निष्कर्षमा पुगेको छ । ओलीको भाषण त्यसै भन्छ । गृहमन्त्री शक्ति बस्नेतले कसैले चाहदैमा आन्दोलन नहुने भन्छन् । तर, जनजातिहरूले समेत साथ दिएकाले मधेसी आन्दोलनले चर्को रूप लिने अनुमान गरिएको छ ।

खासगरी ओली सरकार कालाबजारियाको सरकार बन्नु र आमनागरिकले ग्यास र पेट्रोलमा जुन दुःख भोगिरहेका छन्, यसबाट ओली सरकारको विश्वसनीयता गुम्दै गएको छ । ओली सरकार ढल्दैन भनेर दृढ समर्थन गरेका प्रचण्डले समेत नेपाली कांग्रेस र मधेसी मोर्चालाई सरकारमा सामेल गराएर राष्ट्रिय सरकारको स्वरूप दिएर संविधान कार्यान्वयन गर्नुपर्ने भनी टोन चेन्ज गरेका छन् । एमाओवादीकै समर्थनमा टिकेको ओली सरकारले राप्रपाका अध्यक्षका छोरा जयन्त चन्दलाई मन्त्री बनाएर सरकारबाट बाहिरिनबाट राप्रपालाई रोकेका छन् । यसबाट पनि थाहा हुन्छ, ओली सरकार कति कमजोर तोक्मा टेकेर अडेको छ भन्ने । जनदबाब बढ्दै गयो भने एमाओवादीसमेत सरकारबाट बाहिरिन बाध्य हुनेछ । त्यसैपनि प्रवक्ता दिनानाथ शर्माले भनिसकेका छन्- जनअपेक्षामा ध्यान दिएन भने सरकारबाट बाहिरिने स्थिति पनि आउन सक्छ ।

संविधानका लागि मधेसी मोर्चाको आन्दोलन ठूलो चुनौति बनेको छ । प्रतिपक्षी तथा ठूलो पार्टी कांग्रेसले समेत मधेसी मोर्चालाई सहमतिमा नल्याए संविधान कार्यान्वयन हुनसक्दैन भनिसकेको छ । मधेसी मोर्चा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र, सिमांकनका विषयमा तीब्र मतभेद राख्दै आएको छ । प्रधानमन्त्री केपी ओली कुनै हालतमा मधेसी माग नमान्ने भनेर जड बनेर बसेका छन् । कांग्रेस र एमाओवादी लेनदेन मिलाएर मधेसी मोर्चालाई संवोधन गर्ने पक्षमा लचकपनका साथ प्रस्तुत भइरहेका छन् ।

तर कहिले ? ५६ मारिइसके । अब कति जना मारेपछि मधेसी मोर्चाका माग पूरा गर्न संविधान संशोधन गर्ने ? त्यसै पनि यो संविधानमा असम्भव केही पनि छैन । दुई तिहाई जनमत भए जुनसुकै परिवर्तन गर्न सकिने संविधानलाई मधेसी मोर्चाका माग संवोधन गर्नसमेत धौधौ किन परिरहेको छ ? वार्ता भन्ने, वार्तामा पनि बस्ने अनि मधेसी मोर्चाका नेताहरूलाई चियानास्ता ख्वाएर पठाउने कहिलेसम्म ? यसरी पनि शान्ति, स्थिरता, पुननिर्माण र विकास सम्भव छ र ?

नेपाली राजनीतिमा विश्वासको खडेरी परेको छ । छिटोभन्दा छिटो मधेसी मोर्चासँग वार्ता गरेर असन्तुष्टिको हल ननिकाल्ने हो भने आन्तरिक र बाह्य बिखण्डनबादी शक्तिहरूले चलखेल गर्ने अवसर पाउनेछन् । लोकतन्त्र हाँक्ने नेताहरूले यति बुझ्न अवेर गर्नु भनेको अर्को राष्ट्रघात हुने विश्लेषकहरूको भनाइ छ ।

## देउवा...

संविधानको कार्यान्वयन र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई तीब्रताका साथ काम गर्ने वातावरण बनाउने पर्ने सुझाव दिएका छन् ।

कांग्रेसका सभापति शेरबहादुर देउवा दिल्ली दर्शनमा छन् । सतहमा आरजु देउवाको खुट्टाको उपचार भनिए पनि देउवाले राजनीतिक भेटघाट गरिरहेका खबर आएका छन् । देउवाले सभापति र संसदीय दलको नेताको निर्वाचन जित्ना साथ भारत सरकारका विदेशमन्त्री स्तरबाटै बधाई सन्देश आउनु र अहिले भारत भ्रमण गर्नुवीच तादात्म्य रहेको र देउवा फर्केपछि ओली सरकार ढालेर नयाँ सरकारको निर्माण प्रक्रिया थालिने स्रोतहरुले बताएका छन् । हो, यसका लागि एमाओवादीले सरकारको समर्थन फिर्ता लिनुपर्छ । तर, नेपालको राजनीतिमा भारतको यतिबिघ्न प्रभाव छ कि संवैधानिक प्रावधान नदिए पनि केपी ओलीमाथि नैतिक धराप थापेरै भए पनि देउवाको नेतृत्वमा नयाँ सरकार गठन हुने दावी प्रदीप गिरीहरूसमेत बताउन थालिसकेका छन् ।

आफ्नै पार्टीको समेत आलोचना खेपिरहेका केपी ओलीले सञ्चारमाध्यममाथि आरोप लगाए पनि ओली कमजोर हुँदै गएका छन् र ओलीले साना साना पार्टीलाई समेत मन्त्रीमा अल्झाएर आफ्नो कार्यकाल कति बढाउन सक्लान्, सबैले हेरिरहेको विषय यही हो । यथार्थ के पनि हो भने ओली सरकार कालोबजारको डनको रूपमा बदनाम भइरहेको छ जनताको दृष्टिमा । यस्तो सरकारको दिनगन्ति सुरु भइसक्यो भन्दा फरक पर्दैन भन्छन् राजनीतिक विश्लेषकहरू ।

## देशभक्तलाई...

नियन्त्रण गर्ने ? खासगरी कम्युनिष्ट खेमामा विशेष गोप्य छलफल हुनथालेका छन् । यता राजावादीहरूले आन्दोलन थाल्नु, नेपाल बन्ददेखि हतियारयुद्धसम्मको घोषणा गर्नु र पूर्वराजाले देशमाथि भइरहेको प्रहार असह्य भएको अभिव्यक्ति दिनुले अब गणतन्त्र, धर्मनिरपेक्षता र राजतन्त्र राजनीतिक मुद्धा बनेको छ । पूर्वराजा सडकमा निस्किएमात्र भने पनि नेपालको राजनीतिक सिनेरियो विश्वसमाचार बन्नसक्ने दावी पर्यवेक्षकहरूको रहेको छ । पूर्वराजाले सन्देसमा भनेका छन्, विदेश चिनौं, स्वदेश मानेर मात्र विदेश मानौं र स्वधर्म बूझेर मात्र परधर्म बुझौं । यसको गहन अध्ययन र छलफल हुन आवश्यक देखिएको विश्लेषकहरूले बताएका छन् ।

## सभामुखलाई...

संसदीय सुनुवाई समितिको निर्णय हुन नसक्दा नयाँ वर्ष २०७३ को सुरुदेखि नै सर्वोच्च अदालतको प्रधानन्यायाधीश सुशीला कार्कीले कायममुकायम भएर सर्वोच्च अदालत चलाइरहेकी छिन् भने यस अघि नै सर्वोच्च अदालतका लागि न्यायाधीशा सफारिस गरिएका ११ जनाको सुनुवाई समेत हुन सकेको छैन ।

सभामुख घर्ती स्वदेशमा नहुँदा संसदीय सनुवाई समितिले कुनै निर्णय गर्न सक्ने अवस्था छैन । प्रमुख दलका प्रमुख सचेतकहरुलाई साथमा लिएर एक हप्ते विदेश भ्रमणमा जाने सभामुख घर्तीको निर्णयले गर्दा उनी पनि विदेश भ्रमणमै रमाउन थालेको आभास मिलेको छ । विभिन्न मुलुकहरूमा राजदूत पद खाली भएको लामो समय भएको भए पनि संसदीय सुनुवाई समिति गठन नहुँदा सरकारले राजदूत नियुक्ती गरे पनि सुनुवाई हुने अवस्था छैन । नेपालको नयाँ संविधान र अन्तरिम संविधानले समेत संवैधानिक अंगका प्रमुख र सदस्यहरू, राजदूतहरू, न्यायपरिषद्का सदस्यहरूको संसदीय सुनुवाई हुनुपर्ने संवैधानिक व्यवस्था गरेको छ । तर व्यवस्थापिका संसदका सभामुख नै आफ्नो नेतृत्वमा रहेको व्यवस्थापिका संसदको नियमावली बनाउने भन्दा विदेश शयर गर्ने प्रवृत्तिमा रमाउन थालेकी हुनाले अझै लामो समयसम्म संसदको नियमावली बन्न सक्ने सम्भावना कम देखिएको छ । आफ्नो नियमावली समेत बनाउन नसक्ने सभामुख घर्ती नेतृत्वको व्यवस्थापिका संसदले जनताका हितमा कसरी नियमकानुनहरू बनाउँछ भन्ने प्रश्न समेत उब्जिएको छ । प्रमुख दलहरू कांग्रेस, एमाले र एमाओवादीबीच संसदीय सुनुवाई समितिमा कतिजना सदस्य रहने भन्ने विषयमा सहमति हुन सकेको छैन । कांग्रेस अन्तरिम संविधान अनुसार नै ७५ सदस्यीय बनाउने अडानमा छ भने एमाले र एमाओवादी नयाँ संविधान अनुसार १५ सदस्यीय बनाउनु पर्ने अडान लिएका हुनाले नियमावली बन्न नसकेको हो । दलहरूको दलगत स्वार्थले गर्दा संसदले आफ्नै

नियमावली समेत बनाउन नसक्नुले प्रमाणित गर्दछ, यस्ता दलहरूले मुलुक र जनताको हितमा कसरी काम गर्न सक्छन् ? आफ्नै नियमावली समेत बनाउन नसक्नु संसदका लागि यो भन्दा लाजमर्दो विषय अन्य के हुन सक्छ र ?

## आयात नभए...

कर्पोरेशनलाई चिनी खरिद गर्नबाट वञ्चित गरेपछि उपभोक्ताले अब चर्को मूल्यमा चिनि खरिद गर्नुपर्ने भएको छ ।

पछिल्लो समयमा चिनी उद्योगहरूले अभावको फाइदा उठाउँदै चिनीको मूल्यमा सात रूपैयाँभन्दा बढी मूल्यवृद्धि गरेका छन् । भारतले लगाएको नाकाबन्दी र मधेस आन्दोलका बेला ६५ देखि ६८ रूपैयाँसम्म बिक्री वितरण भएको चिनी अहिले ७६ देखि ७८ रूपैयाँ सम्ममा बिक्रीवितरण हुन थालेको छ । नेपाल चिनी उद्योग संघका अध्यक्ष शशीकान्त अग्रवालका अनुसार चिनीको मूल्य वृद्धि भएको छ । उनका अनुसार नाकाबन्दी र आन्तरिक हड्तालले गर्दा उखुको अभावमा लागतमूल्य बढ्दा चिनीको मूल्या बढेको बताए पनि अहिलेसम्म पनि चिनी उद्योगहरूले किसानलाई भने गतसालको भुक्तानी समेत दिएका छैनन् । विभिन्न चिनी उद्योगहरूले एक अर्ब २५ करोड रुपैयाँ भुक्तानी दिन बाँकी रहेकाले चिनी उद्योगहरूले एकातिर उपभोक्तालाई मूल्यवृद्धि गर्ने तर किसानलाई भुक्तानी नदिने गरेका हुनाले अब सरकार चुप लागेर बस्न नहुने आवाज समेत उठ्न थालेको छ ।

चिनी उद्योगहरूले अहिले पनि भारतबाट वा अन्य मुलुकबाट चिनी आयात गर्नु नपर्ने बताइरहेका भए पनि उनीहरूको भनाईमा कुनै सत्यता नभएको आपूर्ति मन्त्रालयले दाबी गरेको छ । चिनी उद्योग संघका अध्यक्ष अग्रवालले भने यस वर्ष १ लाख ६० हजार मेट्रिकटन चिनी उत्पादन हुने लक्ष्य राखिएको र गतवर्षको केही चिनी बाँकी रहेकाले अयात गर्नु नपर्ने बताएर जनतालाई चर्को मूल्यमा चिनी बेच्ने रणनीतिमा चिनी उद्योगहरू रहेको प्रमाणित हुँदै गएको छ । नेपालीहरूको चाडवाडै आउन अब केही समय मात्र बाँकी रहेको र त्यसबेला खपतमा वृद्धि हुन सक्ने भएकाले सरकारले बेलैमा कर्पोरेशनलाई चिनी आयात गर्न अनुमति दिएर उपभोक्ताले चाहे अनुसार चिनीको माग पूर्ति गर्नुपर्ने आवश्यकता देखिएको छ । चाडबार्डको बेला बाहेक अन्य समयमा प्रति महिना २० हजार मेट्रिक टन चिनी खपत हुने र चाडवार्डमा २५ हजार मेट्रिकटन पुग्ने भएकाले त्यसअनुसार व्यवस्था गर्न सरकारले कर्पोरेशनलाई अविलम्ब चिनी आयतका लागि निर्देशन दिनु आवश्यक देखिन्छ । कर्पोरेशनसँग चिनीको मौज्दात घट्दै गएको आपूर्ति मन्त्रालयलाई अवगत रहेको बताउँदै एक उच्च अधिकारीले भने त्यस विषयमा अर्थमन्त्रालयसँग सहकार्य भइरहेको हुनाले केही समयपछि नै कर्पोरेशनले चिनी आयात गर्ने वातावरण मिलाउन आपूर्ति मन्त्रालय लागिपरेको बताएका छन् । चिनी उद्योगहरूले उखु किसानलाई शोषण गरिरहेका हुनाले बरू साल्टट्रेडिङ कर्पोरेशनले नै चिनी मिलको स्थापना गरी सिधै किसानबाट उखु नै खरिद गर्ने कि भन्ने सोचाईमा सरकार रहेको एक अधिकारीले दाबी गरेको छ ।


**अपांगता भएका व्यक्तिहरुको पहुँचको अधिकार तथा अपांगतामैत्री संरचना निर्माणका बारेमा निर्माण कम्पनीहरु, डिजाइनर वा इन्जिनियरहरुमा चेतना जगाऔं ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग





सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार